# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- २९, २०७९ साल फागुन ९ गते मंगलबार (Feb 21, 2023) www.janaakash.com.np



**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)

मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


# युवा पुस्तालाई देशमै अड्याउने नीति बनाइयोस्

मोहन कार्की

**देशको समसामयिक टिप्पणी**

नेपालका दुई सन्तानको नीति लिएकाहरुवाट उत्पादन भएका वा अन्य पछिल्लो नेपाली नागरिक बालिक कतैवाट नीतिगत योजना त बनेको छैन ? प्रश्न गर्ने आधार बन्दै गएको छ । यतिवेला गाउँघरहरु रित्ता भएका छन् । बारीहरु बाजोमा परिणत भएका छन् । कोही मर्दा मलामी पाउन समेत युरोप, लगायत देशमा भन्छन् । नेपालमा नै बसेर पढ्दै विजनेस गरे हुन्न वा काम पाईदैन र ? भन्दा उनिहरुले नेपालमा सम्भावना नै नभएको बताउने गरेका छन् ।



अधिकार हुदै गरेका नेपालका युवायुवतीहरु प्लस टु पास गर्ने बित्तिक्कै देश छोडेर पढ्ने नाममा विदेश जानेको लर्को बढेको छ । जसमध्य सवैभन्दा बढी अष्ट्रिलिया, इरोप, क्यानाडा त्याहा नसके छिमेकी राष्ट्र भारतमा समेत पढ्न जाने गरेका छन् । बाँकी स्कलरसीपमा चीन, जापानमा समेत जान्छन् । विस्तारै नेपाली मुलका नागरिकहरुको लागि नेपाल खाली गरिदैछ । व्यवहारिक रुपमा नै खाली हुदैछ ।

सायद यस्तो गर्नुमा कुनै अरुनै कारण नभएर नेपाली मुलको मुल थलो नेपाल सदाको लागि लोप गराउन अन्तै मुस्किल परिसकेको छ । त्यही गाउँमा हुर्केको, बढेको, पढेको युवा विद्यार्थी बिदेश जान्छ र उत्तै पलायन हुन्छ । हुदैछन् र गाउँहरु उजाड बन्दै गईरहेका छन् । यो अत्यन्तै चिन्ताको बिषय हो ।

**युवा पुस्ताको भनाई : देशमा सम्भावना नै छैन**

अचेल बाग बजार, नयाँ वानेश्वर, कोटेश्वर, चावहिल, महाराजगंज बाकी रहेको कुना कुनामा समेत आयल टेष्टको लागि खोलिएका कन्सल्टेन्सीहरुमा भेटिने युवाहरुको भीडलाई तपाईहरु काहाँ जानको लागि तयारी गर्न लागेको भनेर सोध्यौ भने अष्ट्रेलिया, युके, जापान, उनिहरुको तर्क नेपालमा काम नै पाईदैन । पाएपनि थोरै मुल्यमा जागिर लगाउने त्यो पनि सरकारी जागिर थोरै मानिसहरुले मात्र पाउने निजीमा जागिर पाएपनि निश्चित नहुने कुन बेला जागिर जान्छ । जागिर गएपछि अर्को जागिर नपाउने जस्ता समस्या हुन्छ नेपालमा उद्योग कलकारखान केही छैनन् । भएकाहरुमा पनि निरन्तर काम छैन । त्यसकारण सम्भावना छैन । भन्छन् ।

**लाखौ भारतीय नेपालमा**

नेपालीहरु यसरी देशवाट बहिरीरहदा छिमेकी राष्ट्रका लाखौ भारतीयहरु भने नेपालमा नै रोजगारी गरिरहेका छन् । उनिहरु रोजगार मात्र होइन उनिहरुले कपाल काट्ने देखि कवाडको सामान उठाउने, साइकलमा तरकारी फलफुल बेच्ने, साइकल बनाउने देखि मोटरसाइसकल वर्कशप हुदै ठुला होलसेलर एक्सपोर्ट इमपोटर तिनै भारतीहरु नेपालका ठुला व्यापारी रहेका छन् । कतिपयले त नेपालमा नै बसोबास गरेर नेपाली नागरिता लिइसकेका र नेपालका उद्योग, टेूडिङ, बित्तिय संस्थाहरु, बैक, फाइनान्स, हुदा हुदा उनिहरु नै नेपालका संसद भईसकेका छन् । उनिहरु लोटा अर्थात अम्खरा अर्काको घरमा बन्दगी राखेर शुरु गरेको व्यापार बढाउदै मेहनत गर्दै सीप सिक्दै नेपालमा नै मनग्य पैशा कमायर राजनीतिक पार्टीलाई पैशा टन्न दिएर समानुपाति संसद समेत भईसकेका छन् । भारतीय मुलका उद्योग कलकारखानमा काम गर्नलाई कामदारहरु पनि भारतीय मुलका मानिसहरु नै ल्याउने भएको हुनाले नेपाली मुलका नागरिकले रोजगारवाट बञ्चित हुनु परेको छ । तर ति भारतीय मुलका मानिसहरुले सीप सिक्ने, मेहनत गर्ने गरेको वाट त्यो बाँकी ६ पृष्ठमा

# मनाइयो निर्वाचन दिवस

काठमाडौं । 'निर्वाचनमा सबै सधैं सँगै' भन्ने नाराका साथ सातौं निर्वाचन दिवस मनाइएको छ । कान्तिपथस्थित निर्वाचन आयोगमा आयोजित कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको निर्वाचन खर्च कानूनबमोजिम विवरण समयमै बुझाउन उम्मेदवारहरूलाई अनुरोध गर्नुभयो । प्रमुख आयुक्त थपलियाले भन्नुभयो, “आयोग निर्वाचन कानूनमा भएको व्यवस्थाअनुसार अघि बढ्छ, निर्वाचन कानूनको अवज्ञा क्षम्य हुँदैन ।” उहाँले अघिल्ला निर्वाचनहरूको तुलनामा यस वर्ष भएका निर्वाचनमा आयोगले केही नीतिगत सुधार गरी नवीनतम अभ्यास गरेको उल्लेख गर्दै यसलाई निरन्तर जारी राख्दै निर्वाचन व्यवस्थापनमा गुणात्मक परिवर्तन गर्नुपर्ने बताउनुभयो । प्रमुख थपलियाले निर्वाचन व्यवस्थापनलाई उपयुक्त नीतिगत, कानूनी र संस्थागत संरचनासहित समयानुकुल बनाउन एकीकृत निर्वाचन कानूनको मस्यौदा तयार गरी पेश गर्न लागिएको बताउनुभयो । निर्वाचनमा मतदाताहरूको उत्साहपूर्ण सहभागिता र लैङ्गिक सहभागिताको विषय व्यापकरूपमा उठिरहेको हुँदा आयोगले यस विषयमा राजनीतिक दल, सरोकारवाला पक्षसँग छलफल गरेर अघि बढ्ने प्रमुख आयुक्त थपलियाले बताउनुभयो । मतदाता नामावलीको शुद्धीकरणका लागि आयोगको सूचना प्रविधि प्रणालीलाई परिष्कृत बनाउँदै लगिने उहाँको भनाइ थियो । आयोगका सचिव गोकर्णमणि दुवाडीले निर्वाचनलाई सफल बनाउन महत्त्वपूर्ण योगदान दिने सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिनुभयो । उक्त अवसरमा कार्यसम्पादन मूल्याङ्कनमा उत्कृष्ट ठहरिएका आयोगका कर्मचारीहरूलाई पुरस्कृत गरिएको थियो । पुरस्कृत हुनेमा उपसचिव (कानून) लक्ष्मी शर्मा, लेखा अधिकृत विष्णुप्रसाद न्यौपाने, कम्प्युटर इन्जिनियर अर्जुन पौडेल, नायब सुब्बा गोविन्दप्रसाद भट्टराई, नायब सुब्बा राजेन्द्र मरासिनी, कम्प्युटर अपरेटर सुमेश श्रेष्ठ, खरिदार पूर्णकली थापा, हलुका सवारी चालक भीमबहादुर श्रेष्ठ, नायब सुब्बा श्री दिव्यधरी जोशी (भोजपुर), कम्प्युटर अपरेटर प्रेमप्रसाद न्यौपाने (झापा), हालुका सवारी चालक इन्दल हजरा दुसाद (बारा) रहनुभएको छ । जिल्ला निर्वाचन अधिकारी रञ्जिता झा (पर्सा), जिल्ला निर्वाचन अधिकारी भीमसेन कार्की (चितवन), लेखापाल कृष्णप्रसाद पन्थी (भक्तपुर), नायब सुब्बा जिवाखर शर्मा (लमजुङ), बाँकी ६ पृष्ठमा


# नेपाल-भारतबीच प्रसारण लाइन र विद्युत् व्यापारमा महत्वपूर्ण सहमति

काठमाडौं । नेपाल-भारत ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको दशौं बैठकले दुई मुलुकबीचको विद्युत् प्रसारण लाइन विस्तार र व्यापार प्रवर्द्धनमा महत्वपूर्ण निर्णय गरेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालका सचिव दिनेशकुमार घिमिरे र भारत सरकारको विद्युत् मन्त्रालयका सचिव आलोक कुमारको सहअध्यक्षतामा शनिबार भारतको राजस्थानस्थित माउन्ट आबुमा सम्पन्न बैठकले अन्तरदेशीय विद्युत् व्यापारका लागि उच्च क्षमताका प्रसारण लाइन निर्माणलाई अगाडि बढाउने निर्णय गरेको छ । यो महत्वपूर्ण उपलब्धी हो । बैठकमा शुक्रबार सम्पन्न दुई देशबीचका सहसचिवस्तरीय संयुक्त कार्यदलले ऊर्जा गरेको सिफारिसमाथि छलफल भएको थियो । विद्युत् उत्पादन, प्रसारण र व्यापारका लागि संयुक्त निर्देशक समितिको बैठक कोशेढुङ्गा भएको नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिनुभयो । बैठकमा सहभागी कार्यकारी निर्देशक घिसिङले नेपालले भारतको प्रसारण ग्रिडको प्रयोग गरी बङ्गलादेश विद्युत् निर्यातका लागि राखेको प्रस्तावलाई भारतले सकारात्मक रूपमा लिँदै निर्यात



गरिने जलविद्युत् आयोजनाको नाम पठाएपछि आवश्यक सहमति दिने निर्णय भएको उल्लेख गर्नुभयो । “बङ्गलादेश विद्युत् निर्यात गर्ने आयोजनाको प्रस्ताव स्वीकृतिका लागि भारतको केन्द्रीय विद्युत् प्राधिकरण समक्ष बढाउने र प्राधिकरणले आवश्यक परीक्षण गरी भारत सरकाले जारी गरेको विद्युत् आयात/निर्यात (क्रस बोर्डर) निर्देशिकाको परिधिभित्र रहेर सहमति दिने निर्णय भएको छ”, कार्यकारी निर्देशक घिसिङले भन्नुभयो ।

“इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे(अहेड बजारमा प्रतिस्पर्धामार्फत विद्युत् बिक्री गर्न अहिले हामीले एक वर्षको स्वीकृति पाउँदै आएकोमा यसलाई एक वर्षभन्दा बढाउन प्रस्ताव गरेका थियौं । यसलाई जाँच गरी पुनरावलोकन गर्ने र अन्य थप आयोजनाका विद्युत् निर्यातका लागि हामीले पेश गरेका प्रस्तावलाई प्रक्रिया पुऱ्याएर स्वीकृति दिने सहमति भएको छ साथै रियल टाइम मार्केटमा सहभागी हुन गरिएको प्रस्ताव परीक्षणको क्रममा रहेको भारतीय पक्षले जानकारी गराएको छ”, उहाँले थप जानकारी दिँदै भन्नुभयो । कार्यकारी निर्देशक घिसिङले नेपाल-भारत अन्तरसरकारी सम्झौता आधारमा नेपालबाट दीर्घकालीन रूपमा विद्युत् निर्यातका लागि प्रस्ताव गरिएकोमा भारतीय पक्षले यसलाई सकारात्मक रूपमा लिँदै नेपालबाट प्रस्ताव प्राप्त गरेपछि जाँच गरी आवश्यक निर्णय लिइने जानकारी गराएको बताउनुभयो । बैठकले टनकपुरबाट नेपालले विद्युत् आयात मात्र गर्दै आएकोमा अब निर्यात पनि गर्न पाउने निर्णय गरेको छ । बाँकी ६ पृष्ठमा

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# समस्या नभएको कुनै क्षेत्र बाकी छैन । समस्याहरुको सावधान खोज सरकार

नेपालमा कुनै यस्तो क्षेत्र होस् की जाहा समस्या नहोस् तर सवै क्षेत्रमा समस्या मात्र सुन्न पाइन्छ । भने भोग्नेले समस्याको भ्रुगोमा डढ्दै गरेको देखिन्छ । समस्यासँग जुद्न सक्नेहरु त समाजमा सकी नसकी जुदिरहेकै छन् । साहास र आट नहुनेहरु प्रेम आचार्य जस्तै बाटो खोज्दैछन् । कतै सम्भावनाका आशाहरु देखिन छाडेका छन् । आर्थिक रुपमा बिपन्न हुनेहरुले बाच्न पाउने अधिकार समेत कुष्ठित हुन थालेको छ ।

रोजगार कतै सृर्जना हुदैन भएका रोजगार खोसिन्छन् । उधोग बन्द हुन्छन् । मजदुरले तलव पाउदैनन् । नेपालका मालिक भनिएकाहरु सस्तोमा काम लगाउन लालयित छन् । शिक्षा, स्वास्थ्यमा नीजि क्षेत्रलायई बढावा दिएर सरकारी हस्पिटलमा काम गर्ने डाक्टरको छोराछारी नीजि अस्पतालमा उपचार गर्न पठाउछन् । सरकारी स्कुलमा पढाउने शिक्षक शिक्षिकाहरुको छोराछारी वोडिङ स्कुलमा पढ्न पठाउछन् । यस्तो देशमा शिक्षा र स्वास्थ्यमा बेतिथि नभएर अन्त काहा हुन्छ त ?

नेपालमा भएका केही उद्योगमा भारतीय नागरिकलाई ल्याएर काम लगाउछन् । नेपालका मजदुरलाई बिदेश धपाउछन् । नेपालीले फलाएको तरकारी फलफुल बजारको ब्यावस्था नभएर बारीमा कुहिन्छ । भारतीय तरकारी हिमालको गाउँसम्म सजिलै पुग्छ । यस्तो प्रबृति हावी भएपछि किसानले बारी बाजो राखे भनेर दोष किन दिनु ?

नेपाली युवाहरु विदेशमा गयर भेडा चराउछन् । नेपालका खर्कहरु चित्री उम्रियर बसेका छन् । धान फल्ने ठाउमा सरकारी जग्गा भन्दै रुख रोपेर बन बढाउन विदेशी आईएनजियो र वनका कर्मचारी डलर आउने लोभमा काम गर्छन् । अन्न नफल्ने ठाउको जङगलको सरक्षण कुनै आइएनजिओलाई मतलव छैन । अन्न अपुग भएर विदेशवाट किनेर खानुपर्छ । देशको पैशा विदेश नै जान्छ । अनि आर्थिक टाट नपल्टियर अमरपुरी भइन्छ त ?

खुट्टामा लगाउने मोजा देखि शिरमा लाउने टोपीसम्म विदेशले बनाएर पठाउछ । पशुपतिनाथ र बौद्धको प्रसादको रुपमा प्रयोग गर्ने माला, मिठाई समेत विदेशवाट आयात गर्ने देशले अरु के प्रगति गर्ला ?

नेपाली ब्यवासायीहरुले कुनै ब्यावसाय सञ्चालन गर्न सरकारी कार्यलयमा पुग्नुपर्‍यो भने कर्मचारीले एउटा पानालाई दशतिर पल्टायर टाइम पास गर्ने र एयटा सानो अक्षर नमिलेको नाममा अल्झाउने माकुराको जालो जस्तो झाडी कर्मचारी संयन्त्र त्याही सरकारी निकायमा विदेशी अर्थात भारतीय नागरिकहरु जसले नेपालका बैक डुबाउदै भागेका उदारण हुदाहुदै पनि तिनको थोरै घुस पाउदा छिटो काम गरिदिने तर नेपाली नागरिकले घुस नदिदा काम ढिलो गर्ने चलनले आजित ब्यवसाय गर्न निरत्साहित बनाउने अनि ति नेपाली विदेश नगएर काहा जाउन् त !

उद्योग खोल्यो खोल्न पाएको छैन । राजनीतिक पार्टीका भातृ संगठन स्थापना गरेर त्यो पनि त्यही कारखानमा काम गर्ने मजदुरले संगठन खोलेको भएपनि सहुला ब्याहोरुला भन्ने हुन्थ्यो बाहिरवाट मजदुर नेताको नाममा आउने झुण्डले काम नगरी तलव खान पाउनुपर्ने नियम लगाउछ । सरकारले लगाएको त लिखित नियम हुन्छ । मजदुरको नाममा हुने नियम काही उल्लेख हुनु नपर्ने उस्तै परे लगानी गरेको उद्योग छिनभरमा स्वाहा बनाउछन् । अनि कसरी बढ्छ उद्योग ?कसरी सृर्जना हुन्छ रोजगार ?

राणा शासनको पतनपछि कुनै खानी खोलिएका छैनन् । खोल्न खोज्यो की स्थानीय अधिकारका नाममा टोले हैकमवादीहरु जो काम गर्दैनन् सधैं बजार आसपासमा बसेर झुक्याएर यस्तै अनेकौ वाहानामा ठगिखाना पल्केकाहरुले अवरोध गर्छन् । कथमकदाचित खानी खोतल्न थालियो भने वन विभाग भन्ने निकायले वातावरणीय कुरा गरेर अवरोध सृर्जना गरिहाल्छ । अनि यो देशमा खानीको उत्खनन् कहिले हुन्छ ?

नेपालमा औषधी विभाग छ । त्यस निकाय अन्तरगत थुपै काम गर्न सकिने ठाउहरु छन् । तर नेपालका अमुल्य जडिबुटी प्रशोधन गर्न केही उद्योग खोलिएको भएपनि नेपालमा बनेका औषधी कमिशनको खेलमा नेपालका अस्पतालहरुमा राखिदैन । तारकेट एरियामा नै नेपालका उत्पादनलाई प्रथामिमता दिदैन भने नेपालका उद्योग कसरी फस्टाउछन् र रोजगार सृर्जना गरुण । उद्योगको सञ्चालनको नाममा पाउने सुविधा जति भारतवाट नेपालमा ब्यावसाय गरिबसेकाहरुले लिइरहेका हुन्छन् । तर तिनले उद्योग नेपालमा खोलेर झयाउ उमारेर राखेका हुन्छन् । खुल्ला सीमानाको फाइदा उठाउदै भारतीय वस्तु ल्याएर बेचेर उद्योगको सुविधा लान्छन् । यस्तो तरिकाले कसरी रोजगार सृर्जना हुन्छ ?

नेपालमा बढी २०० जना ब्यापारी त्यसमा पनि २५ जना घरना भनिएकाहरुको हातमा सवैथोक जोडिएको छ । किनकी त्यही मान्छेले विदेशवाट गाडी ल्याएर बेच्ने ट्रेडिङ छ । उसैको उद्योग छ । उसैको बैक छ । उसैको इन्सुरेन्स कम्पनी छ । उसैको रक्सी उद्योग छ । उसैको मोवाइल बेच्ने ट्रेडिङ छ । उसैको निर्माण कम्पनी छ । उसैको इन्टरनेट कम्पनी छ । उसैको फाइनान्स छ । उसैको रिमिटयान्स कम्पनी छ । उसैको मिडिया कम्पनी छ । उसैको रियाल स्टेट छ । उसैको कृषि फार्म छ । उसैको तराइमा ५०० बिगाभन्दा बढी खेत उसैको छ । यस्ता सवै क्षेत्रमा बर्चश्व बनाएर बसेका मानिसले सरकारमा आउने जाने सरकारलाई पुतली झैं नचाइरहन्छन् । किनकी चुनाव जित्न पैशा चाहिन्छ । त्यो पैशा यिनै २५ भाई मिलेर दिन्छन् र संसद, मन्त्री, प्रधानमन्त्री कसलाई बनाउने भन्दै योजना बनाउछन् । यस्तो देशमा समस्या नभएर के हुन्छ त ?

यस्ता समस्याहरु किन आए ? के के गर्दा यस्ता समस्या सावधान गर्न सकिन्छ ? खोज सरकार खोज । यस्ता समस्या खोज्न नसक्ने हो भने देशको अस्तित्व नै खतरामा पर्न सक्छ । परिवर्तनको नाममा कोशी,गण्डकी, महाकाली, टनकपुर गुमाइसकेकै छ । बाकी रहेको नेपाल देशको नाम हो त्यो कसरी जोगाउने त्यो पनि चिन्ताको बिषय बन्दै गएको छ ।

# प्रजातन्त्र र ब्यावहारिक अनुभूति

नगेन्द्रराज पौडेल

सेक्सपियरले भनेका थिए 'नाममा के छ ? गुलाबलाई अर्को कुनै नाम दिए पनि त्यसले सुगन्ध दिन छाड्दैन ।' यसैकारण भाषाविज्ञानले भाषालाई 'यादृच्छिक ध्वनि प्रतीकको व्यवस्था' भनेर परिभाषित गरेको छ । तर, हामीकहाँ कुनै पनि चिजको प्राप्ति व्यवहारमा भन्दा कर्मकाण्डमा बढी खोजिन्छ । अहिले दिइँदै गरेको विद्यालयीय शिक्षा पद्धति झैं शब्द रटानमा जोड दिइन्छ, वास्तविकतालाई परै राखिन्छ । शब्द त केबल प्रतीक मात्र हो भन्ने कुरा भुलिन्छ । प्रजातन्त्रलाई पनि यसै सन्दर्भमा हेनै गरिएको छ । प्रजातन्त्र भन्नु केवल चार अक्षरको योग मात्र होइन, यो त व्यवहारमा देखिने शासकीयस्वरूप हो भन्ने कुरा धेरैले बिर्सेको पाइन्छ ।

हिजो मात्र हामीले राष्ट्रिय प्रजातन्त्र दिवस मनायौं । सरकारले फागुन ५, ६ र ७ गते गरी तीन दिनसम्म धुमधामसाथ यो दिवस मनाउन उर्दी जारी गरे पनि सरकारी कार्यालयमा साँझ दीपावली र हिजोको औपचारिक समारोहमा नै यो दिवसको कर्मकाण्डीय प्रक्रिया पूरा भएको छ । अब्राहम लिंकनले भने झैं प्रजातन्त्र जनताद्वारा ल्याइए पनि जनताका लागि कहिल्यै हुन सकेन । आफूले ल्याएको प्रजातन्त्र आफ्नै लागि नभएपछि जनतामा उत्साह आउने कुरै भएन । मनमा उत्साह नै नआएपछि सरकारी उर्दी पालना गर्नै पर्छ भन्ने छैन । यसैले प्रजातन्त्रको कुरा गर्दा आमनागरिक निरास देखिनु अस्वाभाविक रहेन ।

प्रजातन्त्र भन्नु शासन पद्धति मात्र होइन, व्यवहार कौशलता पनि हो । यो व्यवहार शासकबाट शासितमा देखिनुपर्छ । प्रजातन्त्रमा नागरिक सर्वोच्चता मात्र हुँदैन सुशासनको प्रत्यायभूति समेत हुन्छ । सरकारले गर्ने काम, उसले ल्याउने नीति र कार्यशैलीमा समानता र नागरिक हक हित जोडिएको हुनुपर्छ । प्रजातन्त्र दिवसकै पूर्वसन्ध्यामा सरकारले यस अघि सम्पन्न आमनिर्वाचनमा खर्चको विवरण नबुझाएका हजारौं जनप्रतिनिधि र उम्मेद्वारलाई नेपालको संविधान, प्रचलित कानुन र निर्वाचन आयोगको प्रावधानअनुसार गरिएको जरिमाना मिनाह गरेर जनताप्रति निराशा पैदा गराएको छ । तोकिएको जरिमाना असुल गर्नुपर्नेमा कानुनको ठाडै बर्खिलाप गरी राष्ट्रपतिमार्फत् मिनाह दिइएको छ । एउटा सरकारी कर्मचारीले हरेक आर्थिक वर्षको भदौ मसान्तसम्म आफू र आफ्ना परिवारका नाममा रहेको सम्पत्ति विवरण पेस नगरे जरिमाना तिर्नुपर्छ । सर्वसाधारण नागरिकले समयमा नै खानेपानी, विद्युत्को महसुल नतिरे जरिमाना तिर्नुपर्छ । तर, सरकार राजनीतिक दल र तिनका उम्मेदवारलाई कानुनले तोकेको व्यवस्था समेत पालना नगरी उल्टो बाटो अवलम्बन गर्दै छूट दिन्छ । प्रजातन्त्रमा योभन्दा नागरिकको अपमान के हुन्छ ?

### दिवस नै दिवस

एक साताअघि नेपालमा सरकारी बिदा बढी भए भन्दै गरेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्व सरकारले फागुन १ गतेलाई जनआन्दोलन दिवसका रूपमा थप एक दिन सरकारी बिदा दियो । दिवसकै रूपमा यो पटक पुस २७ गतेलाई पनि बिदा दिएर परम्परामा क्रमभंगता यही सरकारले ल्यायो । हिजको प्रजातन्त्र दिवससमेत संविधान दिवस, गणतन्त्र दिवस, सहिद दिवसलगायतका अन्य दिवस पनि सार्वजनिक विदामा परिणत गरेर मनाउने चलन अद्यापि छँदै छ । तर, व्यवहारमा ती दिवसले दिने सन्देश, दिवसले बोकेको महत्व र सोअनुसारको व्यवहार कहिल्यै देखिएन । सबै कर्मकाण्डीमा मात्र सीमित देखिए ।

### प्रजातन्त्र व्यवहारमा

सरकारी बिदा दिएर तामझामका साथ एकदिने कार्यक्रम गर्दैमा प्रजातन्त्रको मर्म पुरा हुँदैन । यसलाइ त जीवन दर्शन बनाउन सक्नुपर्छ । प्रजातन्त्र त हरेकको व्यवहार, चालचलन र आचरणमा प्रतिबिम्बन हुनुपर्छ । हामीकहाँ प्रजातन्त्र दिवस २००७ सालको क्रान्ति सफल भएर १०४ वर्षे लामो निरंकुस जहानीया राणा शासन अन्त्य भएको सम्झनामा हरेक फागुन ७ गते मनाइन्छ । तर राणाको जहाँनिया शासन फालेका हामीले कतै आफ्नै जहानिया शासनको शुरू त गरेका छैनौं ? त्यतातर्फ पनि विचार गर्न जरुरी छ । आज प्रतिनिधिसभामा मात्र होइन राज्यका उच्च ओहोदामा कति ठूला नेताका दम्पति छन् ? कतिका नातागोता छन् ? कतिका भाइभतिज छन् ?

हामीले त्यतातर्फ फर्केर हेर्ने गरेका छौ ? यही पुरानो जहाँनिया फालेर आधुनिक जहाँनियाको सुरुवात गर्नैका लागि प्रजातन्त्र आएको र यसैका लागि यो दिवस मनाइएको हो भने सारमा यसको अर्थ देखिँदैन । राणाको वंशीय तन्त्र होइन कि 'प्रजा'कै 'तन्त्र'मा शासन चल्छ भन्ने उद्घोषसहित आजकै दिन मुलुकमा 'प्रजातन्त्र' छाएको थियो । तर आज यसको अन्तर्य केही सीमित वर्ग र व्यक्तिको उत्थानका लागि परिचालित देखिन्छ । शब्दमा प्रजातन्त्र भनिएपनि व्यवहारमा ठालुतन्त्र आजपर्यन्त हाबी छ । विगतमा यो दिनको बेग्लै महत्व थियो । २०६३ साल वैशाखमा लोकतन्त्र स्थापनासँगै यो दिन ओझेलमा परेको छ । प्रजातन्त्रको ठाउँमा आजकल लोकतन्त्र प्रयोगमा आउने गरेको छ । यसबाट रूपमा जे भए पनि सारमा कुनै अन्तर देखिन सकेको छैन । अब 'प्रजातन्त्र'को ठाउँमा 'लोकतन्त्र' भनेर शब्द फेरिए पनि शासकीय वृत्त अझै लोकतन्त्रसँग अभ्यस्त छैन । तिनका क्रियाकलापमा राणा शाहीकै धङधडी नियमित छ । पुरातन नै हाबी छ ।

राजा त्रिभुवनबाट राणा शासकबाट शासकीय अख्तियार फिर्ता लिँदै २००७ फागुन ७ का दिन शाही घोषणा आयो । 'हाम्रा प्रजाको शासन अबउप्रान्त निजको निर्वाचन गरेको एक वैधानिकसभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानका अनुसार होस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकाले' भन्दै प्रजातन्त्र घोषणा गरिएको थियो । विधान तयार नभएसम्म राणा र कांग्रेस सम्मिलित मन्त्रिपरिषद् बन्यो । राज्यको शासन गर्ने अधिकार मन्त्रिपरिषद्लाई दिइयो ।

उति बेला आएको प्रजातन्त्र २०१७ साल पुस १ मा खोसियो । पञ्चायत विरूद्ध निरन्तर आन्दोलन चलिरह्यो र २०३६ मा जनमत संग्रहका नाममा सुधारिएको पञ्चायती व्यवस्था लागू गरियो । नेपाली नागरिकले प्रजातन्त्र निर्बाध भोग गर्न पाएनन् । ३० वर्षे पञ्चायती व्यवस्था पनि राणा शाही जस्तै थियो । २०४६ चैत २६ को मध्यरातमा दलमाथि लागेको प्रतिबन्ध हटेसँगै मुलुकमा बहुदलीय प्रजातन्त्र आयो । संवैधानिक राजतन्त्रतिर मुलुक गयो ।

२०६१ साल माघ १९ प्रकरणसँगै प्रजातान्त्रिक अधिकार दरबारले खोस्यो । संसदीय प्रजातन्त्रले स्थायित्व नपाउँदै सशस्त्र द्वन्द्व, दोस्रो जनआन्दोलन हुँदै २०६२ चैत २४ बाट नियमित चलेको १९ दिने जनआन्दोलन सँगै २०६३ वैशाख ११ मा लोकतन्त्र स्थापना भयो । त्यही आन्दोलनको बलमा नेपाल आज संघीय गणतान्त्रिक मुलुकमा परिणत भएको छ । शायद आज यिनै इतिहासका दस्ताबेज पल्टाउँदै नेपाली प्रजातान्त्रिक अभ्यासका प्राप्ति, प्रगति र नेपाली जनको हित मात्रलाई पनि नियाल्ने दिन हो ।

### कानुनको उपेक्षा

प्रजातन्त्रमा जनताले विश्वास गर्ने काम अपेक्षित रहन्छ । सरकारले गर्ने काममा कानुनीराज र प्रजातान्त्रिक शैली देखिनुपर्छ । तर, हामीकहाँ यसको ठीकविपरीत अवस्था देखिन्छ । २०६६ भदौ ३ मा कैलालीको साबिक बलिया( ८ धोबेनी खोलास्थित सडकमा लु२त २११ नम्बरको ट्र्याक्टरमा पेट्रोल छर्किएर आगजनी गरेको आरोपमा २०७० वैशाख ९ मा अदालतबाट दोषी ठहरिएका नागरिक उन्मुक्ति पार्टीका सांसद अरूण चौधरीलाई सरकारले गत शुक्रबार राष्ट्रपतिमार्फत माफी दिएको छ । चौधरीले आफ्नो पक्राउ विरूद्ध दिपायल उच्च अदालतमा दिएका दुईवटा निवेदन टुंगो नलाग्दै सरकारले माफी दिएर कानुनीराजको बर्खिलाप गरेको छ । कसुर प्रमाणित भएर कारावास जीवन बिताउँदै गरेको व्यक्तिको आचरण र चालचलनमा सुधार आएपछि उक्त व्यक्तिलाई समाजमा पुनःस्थापना गराउने उद्देश्यले कानुनमा सजाय माफीको व्यवस्था राखिएको भए पनि सरकारले राजनीतिक उद्देश्यले यसको दुरुपयोग गर्दै आएको छ । पुनःस्थापकीय न्यायलाई बढवा दिनका लागि राष्ट्रप्रमुखलाई विश्वका अन्य देशमा भएको अभ्यासजस्तै हामीकहाँ पनि एउटा प्रिभिलेज संविधानले दिएको अवस्था हो, तर हामीकहाँ विशुद्ध राजनीतिक नाफा नोक्सानको हिसाब गरेर त्यही प्रयोजनले माफी गर्ने प्रवृत्ति बढ्दो छ । यसैको पछिल्लो उदाहरण सांसद चौधरी प्रकरण हो ।

प्रजातन्त्रका लागि अब्राहम लिंकनले जनताले, जनताका लागि ल्याएको जनताको शासन व्यवस्था भनी परिभाषा गरेका थिए । यसो त २०४६ सालपछि सत्तामा गएका र सत्ताबाहिर बसेका सबै राजनीतिक दलले प्रजातन्त्रका नाममा जनताको नाम भजाउन छाडेका छैनन् । अझ २०६२/६३ को परिवर्तनपछि त प्रजातन्त्रको सट्टा लोकतन्त्र भन्न थालेका छन् । सेक्सपियरले भने झैं प्रजातन्त्रको स्थान लोकतन्त्रले लिँदैमा परिवर्तन हुने रहेनछ भन्ने कुरा त विगतका अनुभवले सिद्ध गरिसकेको छ ।

प्रजातन्त्रबाट लोकतन्त्रमा रूपायित हाम्रो राज्यव्यवस्थामा राजनीतिक दलले साँच्चै कति आफूमा लोकतान्त्रिक चरित्र देखाएका छन् ? यो विचारणीय छ । आफूलाई जे जच्यो त्यो लोकतन्त्र कदापी हुन सक्दैन । लोकतन्त्रका निश्चित मूल्यमान्यता छन् । तिनीहरूलाई मासेर कस्तो लोकतन्त्र दिवस मनाउन खोजिँदै छ ? यो आजको यक्ष प्रश्न हो ।

हाम्रोमा २०४६ देखि बहुदलीय राज्य व्यवस्था भए तापनि २०६२ देखि संघीय गणतन्त्रात्मक राज्य व्यवस्था छ । यो व्यवस्था सामान्य बहुदलीय व्यवस्था वा संसदीय व्यवस्थाभन्दा उन्नत मानिन्छ । तर व्यवस्था जतिसुकै उन्नत भएपनि त्यसलाई सञ्चालन गर्ने राजनीतिक दलको उदात्त भावना, अग्रगामी सोच र स्वस्थ प्रतिस्पर्धा हुन सकेन भने कामयावी हुँदैन । त्यस्तो देशमा व्यवस्था, जनता र राज्यका अरू संयन्त्रले पनि दुःख पाउँछन् । शक्तिका छायाँमा ती संयन्त्र पिल्सिनुपर्छ । यसको उदाहरणका लागि हाम्रो व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाको आजको अवस्था नै काफी छ । हालै सम्पन्न निर्वाचनमा पाँच वर्षका लागि बहुमतवाला दलले सरकार सञ्चालन गर्न र दोस्रो हुने दलले प्रमुख प्रतिपक्षीको सबल भूमिका निर्वाह गर्न भनेर जनताले मतदान गरेका थिए । पटक पटक मत परिणामको उपेक्षा हाम्रा तिनै राजनीतिक दलहरूले गर्दै आएका छन्, जसले फेरि चुनावी रटान गर्दै छन् । पोल्टाका चामल समेल्न नसक्नेले भुइँका कनिका टिप्न खोज्दाको परिणाम यस्तै हुन्छ । प्रजातन्त्रले जनताले दिएको अभिमतअनुसार पुरै अवधि शासन सञ्चालन गर्न भन्छ । प्रजातन्त्रले जनमतको कदर गर्न भन्छ । हेरौं, के हाम्रा राजनीतिक दल र तिनका नेताहरू प्रजातान्त्रिक पद्दतिअनुसार चलेका छन त ? होइन भने शब्दको प्रजातन्त्र रटानको कुनै औचित्य देखिदैन । राजधानी दैनिक

**हामीले त्यतातर्फ फर्केर हेर्ने गरेका छौ ? यही पुरानो जहाँनिया फालेर आधुनिक जहाँनियाको सुरुवात गर्नैका लागि प्रजातन्त्र आएको र यसैका लागि यो दिवस मनाइएको हो भने सारमा यसको अर्थ देखिँदैन । राणाको वंशीय तन्त्र होइन कि 'प्रजा'कै 'तन्त्र'मा शासन चल्छ भन्ने उद्घोषसहित आजकै दिन मुलुकमा 'प्रजातन्त्र' छाएको थियो । तर आज यसको अन्तर्य केही सीमित वर्ग र व्यक्तिको उत्थानका लागि परिचालित देखिन्छ । शब्दमा प्रजातन्त्र भनिएपनि व्यवहारमा ठालुतन्त्र आजपर्यन्त हाबी छ । विगतमा यो दिनको बेग्लै महत्व थियो । २०६३ साल वैशाखमा लोकतन्त्र स्थापनासँगै यो दिन ओझेलमा परेको छ । प्रजातन्त्रको ठाउँमा आजकल लोकतन्त्र प्रयोगमा आउने गरेको छ । यसबाट रूपमा जे भए पनि सारमा कुनै अन्तर देखिन सकेको छैन । अब 'प्रजातन्त्र'को ठाउँमा 'लोकतन्त्र' भनेर शब्द फेरिए पनि शासकीय वृत्त अझै लोकतन्त्रसँग अभ्यस्त छैन । तिनका क्रियाकलापमा राणा शाहीकै धङधडी नियमित छ । पुरातन नै हाबी छ ।**

**राजा त्रिभुवनबाट राणा शासकबाट शासकीय अख्तियार फिर्ता लिँदै २००७ फागुन ७ का दिन शाही घोषणा आयो । 'हाम्रा प्रजाको शासन अबउप्रान्त निजको निर्वाचन गरेको एक वैधानिकसभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानका अनुसार होस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकाले' भन्दै प्रजातन्त्र घोषणा गरिएको थियो ।**

# कृषि विकास बैंकको सिइओ गुरुङको कार्यभार

कृषि विकास बैंकको प्रमुख कार्यकारी अधिकृत (सिइओ) गोविन्द गुरुङले कार्यभार सम्हालेका छन् । बैंक सञ्चालक समितिले शनिबारको बैठकले आगामी चार वर्षका लागि सिइओमा नियुक्त गरेसँगै गुरुङले आज पदभार ग्रहण गरे ।



सिइओ छनोट समितिले सिइओका लागि आवेदन परेका २२ जनामध्येबाट पाँच जनाको नाम छनेको थियो । शनिबार भएको प्रस्तुतीकरण तथा अन्तर्वार्ताबाट छनोट समितिले तीन जनाको नाम बैंक सञ्चालक समितिलाई सिफारिस गरेको थियो । छनोट समितिले सिफारिस गरेका तीन जनामध्येबाट सञ्चालक समितिले गुरुङलाई बैंकको प्रमुख कार्यकारी अधिकृत (सिइओ) नियुक्त गरेको हो । नवनियुक्त सीईओ गुरुङसँग देश तथा विदेशका बैंकमा २६ वर्ष काम गरेको अनुभव रहेको छ । उनले यसअघि म्यान्माको म्यान्मा सिटिजन्स बैंकको प्रमुख कार्यकारीको भूमिकामा रहएका थिए । विदेशी बैंकको सिइओ बन्ने गुरुङ नै पहिलो नेपाली नागरिक हुन् । यसअघि उनले सिभिल बैंकको सिइओसमेत थिए । त्रिभुवन विश्वविद्यालयअन्तर्गतको नेपाल कमर्स क्याम्पसबाट प्रथम श्रेणीमा एमबीए उत्तीर्ण गरेका गुरुङले हिमालयन बैंकबाट आफ्नो बैंकिङ करियर सुरु गरेका थिए ।

# नेपाल प्रहरी छात्रवृत्ति अक्षय कोषमा ग्लोबल आइएमई बैंकको सहयोग

ग्लोबल आइएमई बैंक लिमिटेडले नेपाल प्रहरीलाई 'नेपाल प्रहरी-ग्लोबल आइएमई बैंक छात्रवृत्ति अक्षय कोष' स्थापना गर्न बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत २५ लाख रुपैयाँ सहयोग प्रदान गरेको छ । बैंक र नेपाल प्रहरी कल्याण कोषबीच 'नेपाल प्रहरी-ग्लोबल आइएमई बैंक छात्रवृत्ति अक्षय कोष' स्थापना, सञ्चालन एवम् व्यवस्थापनमा सहकार्य सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएसँगै रकम हस्तान्तरण गरिएको हो । बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले उक्त रकमको चेक प्रहरी महानिरीक्षक धिरजप्रताप



सिंहलाई हस्तान्तरण गरेका हुन् । बैंकको सहयोगप्रति कृतज्ञता व्यक्त गर्दै प्रहरी महानिरीक्षक सिंहले प्रहरी कर्मचारीका जेहेन्दार तथा योग्य सन्ततिलाई छात्रवृत्ति प्रदान गर्ने पुण्य कामको लागि ग्लोबल आइएमई बैंकले योगदान अमूल्य रहेको र यसले प्रहरी कर्मचारीहरूको मनोबल बढाउन थप टेवा पुग्ने उल्लेख गरे । महानिरीक्षक सिंहले बैंकले यसअघि पनि नेपाल प्रहरीलाई विभिन्न कार्यक्रममा सहयोग गरी सहकार्य गर्दै आएकोमा बैंकलाई विशेष धन्यवाद दिँदै आगामी दिनमा समेत आपसी समन्वय र सहकार्यलाई निरन्तरता दिने कुरामा आफू विश्वस्त रहेको समेत जानकारी गराए । बैंकका प्रमुख कार्यकारी अधिकृत बज्राचार्यले नेपालको व्यवस्थित संगठन नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारीका सन्ततिलाई सहयोग गर्ने पाएकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा समेत नेपाल प्रहरी र बैंकबीच सहयोग र सहकार्य आदानप्रदान हुने बताए । बैंकले स्थापनाकालदेखि नै संस्थागत सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न समयमा यस किसिमका आर्थिक सहयोगहरु प्रदान गरी आम नागरिक तथा समाजलाई प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा लाभान्वित गर्दै आएको जनाएको छ ।

# हिमालयन बैंक र सिभिल बैंकको एकीकृत कारोबार

हिमालयन बैंक लिमिटेड र सिभिल बैंकको एकीकृत कारोबार यही फागुन १२ गतेदेखि हुने भएको छ । हिमालयन बैंकले सिभिल बैंकलाई प्राप्ति गरेपछि सोही दिनदेखि एकीकृत कारोबार गर्ने तय भएको हो । नेपाल राष्ट्र बैंकले दुवै बैंकलाई गत माघ १७ गते मर्जरका लागि अन्तिम स्वीकृति दिएको थियो । केन्द्रीय बैंकले अन्तिम स्वीकृत दिँदै फागुन १६ गतेसम्म एकीकृत कारोबारको समय तोकेको थियो । राष्ट्र बैंकले तोकेको समयभन्दा अगाडि नै बैंकले एकीकृत कारोबारको मिति तोकेको हो । हिमालयन बैंक र सिभिल बैंकबीच एक सय बराबर ८० कित्ता (१००:८०) को स्वाप रेसियो अर्थात् सिभिल बैंकको एक सय कित्ता शेयर बराबर हिमालयन बैंकको ८० कित्ता शेयर अनुपात हुने सिभिल बैंकका मर्जर समिति संयोजक अम्बिर बोगटीले जानकारी दिए । एकीकृत कारोबार अगाडि दुवै बैंकले सिस्टम अपग्रेडका लागि दुई दिन कारोबार बन्द गर्ने जनाएका छन् । यही फागुन १२ गते हिमालय बैंकले सिभिल बैंकलाई प्राप्ति गरेपछि सिभिल बैंकको शेयर कारोबार १५ दिन रोक्का हुने भएको छ । दुई बैंकबीच मर्जरपश्चात् एकीकृत कारोबार सुरु भएपछि सिभिल बैंकको शेयर रोक्का हुने भएको हो । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) मा सिभिल बैंकले बिहीबार सूचना पठाउँदै आगामी फागुन १४ देखि चैत २ गतेसम्म बन्द हुने जनाएका हो । यही फागुन १२ गते हिमालयन बैंकसँग मर्ज हुन लागेको सिभिल बैंकको शेयर मिलान, धितोपत्र पुनः दर्ता, धितोपत्रको अभौतिकरण तथा सूचीकरण प्रयोजनका लागि शेयर कारोबार रोक्का हुन लागेको हो ।

# एनआईबीएल एस क्यापिटलको म्युचुअल फण्ड सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन

नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडको पूर्ण स्वामित्वमा रहेको एनआईबीएल एस क्यापिटल लिमिटेडको आयोजनामा डियरवाक ग्रुप लिमिटेड अन्तर्गत रहेका डियरवाक कम्पयुटर लिमिटेड र सिफल स्कुल लिमिटेडमा कार्यरत विभिन्न तहका कर्मचारीहरुलाई लगानी व्यवस्थापन तथा म्युचुअल फण्ड सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन भएको छ । उक्त कार्यक्रममा सहभागीहरुलाई नेपालको धितोपत्र बजारबारे संचिप्त जानकारी गराउनुका साथै खुलामुखी तथा बन्दमुखी म्युचुअल फण्डको बारेमा र खुलामुखी योजना अन्तर्गत रहेको व्यवस्थित लगानी योजना सम्बन्धी सम्पूर्ण जानकारी गराइएको थियो । यसै कार्यक्रममा क्यापिटलले हाल प्रदान गरीरहेको लगानी व्यवस्थापन सेवा, संस्थागत परामर्श सेवा आदिको बारेमा साथै बजारका विभिन्न लगानी उपकरणहरुको बारेमा संचिप्त छलफल भएको थियो । उक्त कार्यक्रममा सहभागीहरुका विभिन्न जिज्ञासाहरुको सम्बोधन गरिएको थियो । यस प्रकारका कार्यक्रमले लगानीकर्ताहरुमा लगानी सम्बन्धी निरन्तर सचेतना अभिवृद्धि भएर जाने विश्वास एनआईबीएल एस क्यापिटल लिमिटेडले लिएको छ ।

# नेशनल लाइफ इन्स्योरेन्स ३६औं वर्षमा

नेशनल लाईफ इन्स्योरेन्स कम्पनी ३५ औं वर्ष पुरा गरी ३६औं वर्षमा प्रवेश गरेको छ । कम्पनीले आफ्नो ३६औं वार्षिक उत्सव विभिन्न कार्यक्रमहरु आयोजना गरी मनाएको छ । कम्पनीको केन्द्रीय कार्यालय लाजिम्पाट, काठमाडौंमा विशेष रक्तदान कार्यक्रम सञ्चालन गरेको थियो जसमा ५० भन्दा बढी कम्पनी कर्मचारीहरुको सहभागिता रहेको थियो । देशभरमा ३४ वटा बाल र बृद्ध आश्रमहरुमा खाना खुवाउने कार्यक्रम आयोजना समेत सम्पन्न गरिएको छ । यसैगरी कर्मचारीहरु माझ विभिन्न खेलकुद कार्यक्रम सम्पन्न गरिएको छ । नेपालको अग्रणी जीवन बीमा कम्पनीको रुपमा स्थापित यो कम्पनीले विगत वर्ष सरह चालु वर्षमा राम्रो व्यवसायिक प्रगति गरेको छ । संस्थापक समूह र सर्वसाधारण समूहको ५५:४५ को अनुपात रहेको यस कम्पनीले आर्थिक वर्ष २०७७/०७८ को मुनाफावाट कम्पनीले शेयरधनीहरुलाई १५ प्रतिशत बोनस शेयर र कर प्रयोजनको लागि नगद लाभांश वितरण गरेको थियो । कम्पनीको









जीवन बीमा कोषमा ५६ अर्ब रकम जम्मा भएको छ । आर्थिक वर्ष २०७७/०७८ बोनस शेयर वितरण पछि कम्पनीको चुक्ता पूँजी ४ अर्ब ६४ करोड रुपैयाँ रहेको छ । कम्पनीले आफ्ना बीमितहरुलाई उत्कृष्ट बोनस दर प्रदान गर्दै आएको छ । आ.व.२०७७/०७८ को बीमांकीय मूल्यांकन पश्चात बीमितलाई न्यूनतम प्रति हजार ६३ रुपैयाँदेखि अधिकतम् प्रति हजार ८५ रुपैयाँ सम्म प्रदान गरेको छ । कम्पनीले चालु वर्षमा शाखा कार्यालय नेपालगन्जमा आफ्नो भवन निर्माण गर्ने कार्य सुरु गरिसकेको छ । ११७ शाखा कार्यालय संख्या र ४६० कर्मचारी संख्या रहेको यस कम्पनीमा १ लाख भन्दा बढी अभिकर्ता कार्यरत रहेका छन् । कम्पनीले स्थापनाकाल देखि २०७९ साल पौष मसान्त सम्म कूल बीमाशुल्क आम्दानी ८५ अर्ब १ करोड आर्जन गरेको छ भने कूल ३८ लाख ६० हजार बीमालेख जारी गरेको छ र कूल २९ अर्ब ६० करोड बराबर बीमा दावी भुक्तानी गरेको छ ।

# महालक्ष्मी विकास बैंकको सहयोग

महालक्ष्मी विकास बैंकका शाखाहरुले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विद्यालय र टोल सुधार समितिलाई सहयोग गरेका छन् । बैंकको वसुन्धरा शाखाले तारकेश्वर नगरपालिका-९ मा अवस्थित मनमैजु महिला विद्यालयलाई टेबुल तथा कुर्सी सहयोग गरेको छ । कक्षा एकदेखि छसम्मका विद्यार्थीलाई अध्यापन गराइरहेको विद्यालयले कक्षा थप गर्न लागेको र विद्यार्थीको संख्या पनि बढ्दै गएकाले विद्यालयको भौतिक व्यवस्थापनमा सहयोग पुर्‍याउने



उद्देश्यले बैंकले उक्त सहयोग गरेको हो । त्यसैगरि बैंकको विजयपुर शाखाले पोखरा उपमहानगरपालिका-२६ मा अवस्थित कडेनी प्रगती टोल विकास संस्थालाई डस्टबिन तथा कुर्सी हस्तान्तरण गरेको छ । बैंकले टोल वरपरको फोहोर संकलन तथा व्यवस्थापनको लागि डस्टबिन र संस्थाको कार्यालय प्रयोजनार्थका लागि कुर्सी प्रदान गरेको हो । आगामी दिनहरुमा पनि सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक रुपान्तरणका विभिन्न कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन गर्ने कुरा बैंकले जनाएको छ ।

## अर्थ संसार

# सम्पत्ति शुद्धीकरणसँग जोडिएका कुन कानुनमा कस्तो संशोधन हुँदैछ ?

'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९' अघिल्लो हप्ता संसद्मा दर्ता भएको छ । प्रतिनिधि सभामा दर्ता भएको यो विधेयकमार्फत् विभिन्न बीस वटा कानुन संशोधन गर्न लागिएको छ । यो विधेयकमार्फत् मुख्यगरी सम्पत्ति शुद्धीकरण .(मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ मा संशोधन गर्न लागिएको छ । सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित क्रियाकलाप बारे जानकारी लिने र त्यसको विश्लेषण गर्ने छुट्टै स्वायत्त निकाय स्थापना गर्ने विषय विधेयकमा राखिएको छ । "सम्पत्ति शुद्धीकरण, आतङ्कारी कार्य वा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी वा सम्बद्ध कसुरको शङ्कास्पद कारोबारसम्बन्धी प्रतिवेदन वा सूचना प्राप्त गर्न, सोको विश्लेषण गर्न तथा विश्लेषणको निष्कर्ष प्रवाह गर्न स्वायत्त निकायको रुपमा वित्तीय जानकारी इकाइ रहनेछ ।" विधेयकमा भनिएको छ । हाल नेपाल राष्ट्र बैंकको एउटा महाशाखाले वित्तीय जानकारी इकाइको रुपमा काम गरिरहेको छ । स्वायत्त संस्थाका रुपमा वित्तीय जानकारी इकाई बनाउन सकिने र त्यसका शाखासमेत खोल्न सकिने गरी कानुन संशोधन हुँदैछ । कुनै व्यक्तिले आफूले आर्जन गरेको सम्पत्तिको स्रोत खुलाउन नसकेमा त्यस्तो सम्पत्तिको कर तिरेर त्यसलाई वैध बनाउन सकिने व्यवस्था पनि विधेयकमा राखिएको छ । "सम्पत्तिको स्रोत खुलाउन नसकेको र अनुसन्धान गरिएको व्यक्ति उपरसम्बन्धी कसुर वा सम्पत्ति शुद्धीकरणको कसुरमा मुद्दा चल्ने अवस्था नदेखिएको अवस्थामा सोको अभिलेख राखी स्रोत खुलाउन नसकेको सम्पत्तिको हदसम्म कर निर्धारण तथा असुलीका लागि आन्तरिक राजस्व विभागमा लेखी पठाउनुपर्नेछ", विधेयकमा भनिएको छ । आन्तरिक राजस्व विभागले करसम्बन्धी कसुर गरे वा नगरेको यकिन गर्नेछ । कर छली गरेको नपाइएमा त्यस्तो व्यक्तिको सम्पत्तिलाई चालु आर्थिक वर्षको आय मानी कर निर्धारण गर्नुपर्नेछ । त्यस्तै, विद्युतीय र डिजिटल माध्यमबाट हुने सम्पत्ति शुद्धीकरणको विषयलाई पनि कानूनी दायराभित्र ल्याउन सकिने गरी ऐन संशोधन गर्न लागिएको छ । बैंक तथा वित्तीय क्षेत्र, सहकारी र पुँजीबजारसँग जोडिएका कानुनमा केही महत्वपूर्ण संशोधनसहित विधेयक तयार पारिएको छ । यो विधेयकमार्फत नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा संशोधन गरी बचत तथा ऋणको कारोबार गर्ने ठूला सहकारी संस्थालाई नेपाल राष्ट्र बैंकको नियामकीय क्षेत्राधिकारभित्र ल्याउन लागिएको छ । "पच्चीस करोड रुपैयाँ भन्दा बढी शेयर पुँजी भएका वा वार्षिक ५० करोडभन्दा बढीको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सहकारीसम्बन्धी प्रचलित कानुनको समेत अधिकार प्रयोग गरी नियमन, निरीक्षण तथा सुपरिवेक्षणको काम नेपाल राष्ट्र बैंकले गर्नेछ", विधेयकमा भनिएको छ । बचत तथा ऋणको कारोवार गर्ने सहकारीको नियमन, निरीक्षण तथा सुपरिवेक्षणका लागि निर्देशन एवम् मापदण्ड जारी गर्ने अधिकार पनि नेपाल राष्ट्र बैंकलाई दिन लागिएको छ । यो विधेयकमार्फत् सहकारी ऐन, २०७४ पनि संशोधन हुँदैछ । सहकारी संस्थाको नियमनका लागि नेपाल राष्ट्र बैंक, सम्बन्धित स्थानीय तह र प्रदेश सरकारको क्षेत्राधिकार पनि तोक्नेगरी कानुन बनाउन लागिएको छ । "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण र सुपरीवेक्षण गर्ने निकायले सो सम्बन्धमा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन तथा मापदण्डको पालना गर्नुपर्नेछ", सहकारी ऐनमा गर्न लागिएको संशोधनबारे विधेयकमा भनिएको छ । सहकारी संस्थाको कारोबार रकमका आधारमा सङ्घ, प्रदेश र स्थानीय तहको नियामकीय अधिकार तोक्न लागिएको छ । विधेयकमा भएको व्यवस्थाअनुसार स्थानीय तहमा दर्ता भई वार्षिक रू २५ करोडसम्मको कारोबार गर्ने सहकारीको नियमन, अनुगमन र सुपरीवेक्षण सम्बन्धित स्थानीय तहले नै गर्नेछन् । तर, स्थानीय तहमा दर्ता भई वार्षिक रू २५ करोड भन्दा बढी र रू ५० करोड सम्मको कारोबार गर्ने सहकारी संस्थाको नियमन भने प्रदेश सरकारबाट गर्ने व्यवस्था गर्न लागिएको छ । स्थानीय तह वा प्रदेशमा दर्ता भएका र वार्षिक रू ५० करोड भन्दा बढीको कारोबार भएका सहकारी संस्थाको नियमन भने सहकारी विभागले गर्ने गरी कानुन संशोधन गर्न लागिएको छ । धितोपत्रसम्बन्धी ऐन, २०६३ संशोधनका लागि पनि यो विधेयकमार्फत् प्रस्ताव गरिएको छ । धितोपत्रको कारोबारसँग सम्बन्धित कसुरको अनुसन्धान र कारबाहीका लागि ऐन संशोधनमार्फत् केही महत्वपूर्ण व्यवस्था थप्न लागिएको छ । "कुनै व्यक्तिले धितोपत्रको कारोबारसँग सम्बन्धित कसुर गरेको भन्ने जानकारीको व्यहोरा बोर्डलाई प्राप्त भएमा वा त्यस्तो कसुर भएको छ भन्ने लागेमा धितोपत्र बोर्डको अध्यक्षले तत्काल अधिकृतस्तरको कर्मचारीमार्फत् त्यस्तो उजुरीको प्रारम्भिक जाँचबुझ गराउनुपर्नेछ", प्रस्तावित विधेयकमा भनिएको छ । धितोपत्रको शङ्कास्पद कारोबारबारे धितोपत्र बोर्डले अनुसन्धान गर्न नसकेमा प्रहरीमार्फत् गराउने व्यवस्था पनि विधेयकमा राखिएको छ । "उजुरीबारे बोर्डबाट तोकिएको अवधिभित्र कुनै निर्णय नभएमा प्रहरी प्रधान कार्यालयले कस्तीमा प्रहरी निरीक्षक दर्जाको प्रहरी कर्मचारीलाई अनुसन्धान अधिकारी तोकी कसुरको अनुसन्धान गराउनुपर्नेछ", विधेयकमा भनिएको छ । निकासी पैठारी (नियन्त्रण) ऐनमा संशोधन गरेर 'व्यापार पारदर्शीता इकाई' गठनको व्यवस्था राख्न लागिएको छ । यस्तो इकाइको व्यापारमा पारदर्शीता कायम गर्न स्थापित अन्तरदेशीय निकायसँग समन्वय गर्ने मुख्य काम रहनेछ । मालपोत ऐनमा संशोधन गरेर घरजग्गासम्बन्धी कारोबार गर्न इजाजत लिनुपर्ने व्यवस्था राख्न विधेयकमा प्रस्ताव गरिएको छ ।

"नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा सोही सूचनामा उल्लेख भएको क्षेत्रफल वा रकमको सीमाभन्दा बढीको घरजग्गासम्बन्धी कारोबार गर्दा इजाजत लिनुपर्नेछ", विधेयकमा भनिएको छ । त्यस्तै, पर्यटन ऐनमा क्यासिनोसँग सम्बन्धित व्यवस्था संशोधन गर्न लागिएको छ । नेपाल राष्ट्र बैंक ऐनमा संशोधन गरेर बचत तथा ऋणको कारोबार गर्ने संस्थाको नियमन, निरीक्षण तथा सुपरिवेक्षणको काम राष्ट्र बैंकको अधिकार क्षेत्रभित्र ल्याउन लागिएको छ ।

कुन कुन ऐन संशोधन हुँदैछन् ?

प्रतिनिधिसभामा दर्ता भएको 'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९' मार्फत् निकासी पैठारी (नियन्त्रण) ऐन २०१३, पानी जहाज दर्ता ऐन २०२७, मालपोत ऐन २०३४, पर्यटन ऐन २०३५, भवन ऐन २०५५, दामासाहीसम्बन्धी ऐन २०६३, धितोपत्रसम्बन्धी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र कसुरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत० ऐन २०७० मा संशोधन गर्न लागिएको छ ।

# राष्ट्रपतिको सवारी र निर्वाचन

बलराम केसी

गएको माघ २९ गते संसद्मा राष्टूपतिको सम्बोधन थियो । राष्टूपतिको सवारीका लागि शीतलनिवास देखि संसद्भवनसम्मको सडक खाली गराइएको थियो । मानौं कुनै आतंककारी बमगोलासहित मध्यसहरमा छिऱ्यो, नागरिकलाई बन्धक बनायो, सेनाले स्थानीय घरहरू खाली गरायो र आतंककारीलाई गोली हान्ने पोजिसन लिएर बसेको वातावरण थियो ! प्रत्येक सवारीमा त्यस्तै आतंकित वातावरण सृजना गर्ने गरिन्छ । भीआईपी सवारीका नाममा आम नागरिकले दुःख पाउँछन । सवारीमा हिँडेको निहुँमै उक्त दिन प्रहरीले डाक्टर जनितलाल सिंहको टाउको फुटाइदियो । हृदयाघात भएर, सुत्केरी व्यथाले छटपटाएर र सवारी दुर्घटनामा परी टाउको फुटेर एम्बुलेन्सभित्र बसेर अस्पताल गइरहेका कतिको ज्यान गयो होला ? यिनीहरूको पीडा कसैले सुन्दैन । जनितलालजस्ता सवारीमा दुःख पाउने हजारौं हुन्छन । सरकारले वास्ता गर्दैन, जनताप्रति उत्तरदायी छैन । मन्त्रीहरूलाई रातो बत्तीमा पनि पेलेर जाने छुट छ । मन्त्रीहरू कानुनभन्दा माथि छन । राष्टूपतिको सुरक्षित सवारी गराइनुपर्छ तर जनताको आवागमन निषेध गरेर होइन । सवारीले जनताको मौलिक हक र मानव अधिकार हनन गर्छ । जनतालाई आवतजावत गर्ने स्वतन्त्रता छ । जनतालाई एक मिनेट पनि सरकारले रोक्न पाउँदैन । सवारीका नाममा हजारौं जनताको आवतजावत गर्ने हक खोसिन्छ । जनितलाल पेसाले डाक्टर हुन्, आतंककारी वा उपद्रो मच्चाउने व्यक्ति होइनन । ड्युटी सकिएपछि घर जान पेटीमा साइकल गुडाएर हिँड्दै थिए । राष्टूपतिको सवारीमा शान्तिपूर्वक हिँड्नु अपराध होइनरु। आफ्नो परिचय र पेसा जानकारी गराउँदा(गराउँदै उनीमाथि डन्डा बर्साउने प्रहरी जिम्मेवार होइन, प्रवृत्ति र सरकार जिम्मेवार हो । यातनाविरुद्धको हक र सम्मानपूर्वक बाँच्न पाउने मौलिक हकको अपहरण गरियो । डन्डा बर्साउने कन्स्टेबल रहेछन । उनी निलम्बित छन । उनले लाए(अह्राएको काम गरे । उनलाई निलम्बन गर्दैमा सरकार दोषमुक्त हुँदैन । विभागीय कारबाही गरे पनि न जनितलालको अपहरित हकको पूर्ति हुन्छ न त राष्टूपतिको अर्को सवारीमा अर्को व्यक्ति जनितलाल नबन्ने ग्यारेन्टी नै हुन्छ । डन्डा बर्साउने आफैं दोषी होइनन्, तामझामको सवारी चलाउने परम्परा र प्रवृत्ति दोषी हो । जबसम्म राष्टूपतिको सवारीमा 'सुट एट साइट' को आदेशसहित निसानाबाज सैनिक तैनाथ गरेर सडक बन्द गर्ने परम्परा खारेज गरिँदैन, तबसम्म राष्टूपतिको सवारीमा बटुवाहरूले हेल्मेट लगाएर हिँड्नुपर्ने अवस्था आउन सक्छ । गणतन्त्र स्थापनापछि पनि राष्टूपतिको सवारी राजतन्त्रकालमा राजाको सवारी शैलीमा गराइनु समस्या हो । भीआईपी सवारीका नाममा जनतालाई सुरक्षा निकायले घण्टौं उभिने आदेश दिनु स्वतन्त्रता अपहरण हो । राजतन्त्रमा राजाको छोरा राजा हुन्छन्, गणतन्त्रमा सामान्य नागरिकका छोराछोरी राष्टूपति हुन्छन । राजा आजीवन दरबारको गद्दीमा बस्छन्, गणतन्त्रमा राष्टूपति पाँच वर्ष पूरा भएपछि सडकमा हुन्छन । यी वास्तविकता थाहा हुँदा पनि सरकारले राजतन्त्रको ढाँचाको सवारी बन्द गरेर जनतालाई मार नपर्ने गरी राष्टूपतिको सवारी चलाउन सक्दैन ? राष्टूपति सम्मानित पद हो । पदको सुरक्षा र मर्यादा दुवै हुनुपर्दछ तर सवारीका नाममा जनताले दुःख पाउन हुँदैन । डा. जनितलालको घटना दोहोरिन नदिन राष्टूपतिको सवारी राजाको शैलीमा गराउन भएन । कुनै घटना घट्यो भने समिति बनाइन्छ । समितिले प्रतिवेदन दिन्छ । त्यति बेला घटना पुरानो भइसकेको हुन्छ, जनताले बिर्सिसकेका हुन्छन् अनि प्रतिवेदन थन्किन्छ । डा. जनितलाल घटनाको छानबिन गर्न गठित समितिको प्रतिवेदनको पनि यस्तै नियति हुनेछ ।

२०४७ सालको प्रजातन्त्र बहालीपछि दुई राजा र दुई राष्टूपति भए । राजा ज्ञानेन्द्रको आफ्नै कारणले महत्त्व कम भयो । राजा वीरेन्द्र छिमेकी राष्टू र विश्वमै सम्मानित नेता थिए । देशप्रति उनको प्रेम, वफादारी, इमानदारी अटल रह्यो । आजको कुनै नेतामा पनि त्यो विशेषता छैन । आजका नेताहरू कस्ता छन् भने, प्रधानमन्त्री पद गयो भने बिनाकाम विरोध गर्छन्, संसद् अवरुद्ध गर्छन्, सोझा जनतालाई भड्काउँछन । देशप्रति नक्कली र स्वार्थी माया देखाउँछ। तर, वीरेन्द्र लोकप्रिय राजा थिए । पहिलो आन्दोलनमै केही राजकीय अधिकार छाडे । संवैधानिक राजतन्त्रको लक्ष्मणरेखा कहिल्यै नाघेनन । संविधान उल्लंघन होला कि भनी उनलाई सधैं डर थियो । सर्वोच्च अदालतको राय लिन्थे । बाबुले भित्र्याएको पञ्चायती व्यवस्थामा हुर्किए । तर पूर्वपञ्चहरूको राप्रपातर्फ उनको झुकाव देखिएन । बेलायतका राजारानी जसरी राजनीतिक दलप्रति 'कलर ब्लाइन्ड' हुन्छन्, राजा वीरेन्द्र त्यसरी नै 'सबै दलप्रति कलर ब्लाइन्ड' थिए । त्यसैले राजा वीरेन्द्र नेपालीहरूका दिलका राजा भए । गणतान्त्रिक राष्टूपति ( खास गरी दोस्रो ( बाट राजा वीरेन्द्रको व्यवहार देखाउने काम भएन । आजसम्म दुई राष्टूपति भए । द्वितीय राष्टूपति मातृदलकी भइन । सम्मान, सत्कार, आदर, मानमर्यादा भन्ने कुरा भित्री मनबाट उत्पन्न हुने हो, तामझामबाट होइन । एउटा समारोहमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाजस्तो हाइट भएका नेताले राजा वीरेन्द्रलाई 'राजामा राज्य सञ्चालनको लामो अनुभव छ; हामी आन्दोलनबाट सरकारमा आयौं, अनुभव कम छ; राजामा भएको त्यो अनुभव हामीलाई सेयर गर्नुपऱ्यो' भने । राजा मुसुक्क हाँसे । वर्तमान राष्टूपतिमा त्यस्तो गुण देखिएन । जनमत गर्ने हो भने राष्टूपतिलाई अपेक्षित सम्मान प्राप्त नहोला । गणतन्त्रमा राष्टूपतिलाई जनताको स्तरबाट सम्मान भएन भने गणतन्त्रलाई नै असर पर्ने हो कि भन्ने डर (फोबिया) सरकारलाई छ । यही फोबियाकै कारण राष्टूपतिको सवारी रिसल्लासहित राजतन्त्रात्मक शैलीमा गराइन्छ । हेक्का रहोस्, करोडौंको मोटर केड, हेलिप्याडसहितको शीतलनिवासले सर्वसाधारणको राष्टूपति बनिँदैन । सेना र प्रहरीको जमात, बन्द सडक, पाइलट मोटरसाइकल, घोडाका रिसल्लाहरू, करोडौं पर्ने गाडीको सवारी, रातोनीलो बत्ती बाल्ने गाडीहरूको ताँतीले गर्दा सरकारी राष्टूपति बनिन्छ, जनताको राष्टूपति बनिँदैन । सवारी मार्गमा दायाँबायाँ उभिएका भीडहरू राष्टूपतिको स्वागतका लागि होइनन । अधिकांश प्रहरीले डा. जनितलाललाई जस्तै डन्डा हिर्काउला भनेर डरले उभिएका हुन्छन । तामझामले होइन, कार्य सम्पादन र निष्पक्षताका कारण राष्टूपति जनताको बनिन्छ । राष्टूपतिको निर्वाचन हुँदै छ । यस्ता राष्टूपति खोजौं, जो जुनसुकै दलको भए पनि कृष्णप्रसाद भट्टराईजस्तो सन्त होऊन्, अनि मात्र ती जनताको राष्टूपति बन्छन । तेस्रो राष्टूपति कृष्णप्रसाद भट्टराईको स्वभावको बनाउने हो भने ती आफैंले पक्कै 'म यो सरकारी तामझामले सरकारी राष्टूपति बनुँला तर मलाई नेपाली जनताको राष्टूपति बन्नु छ, त्यसैले यो तामझाम बन्द गर्नुहोस्' भन्लान । यहाँ बेलायतकी लेडी डायनालाई सम्झनुपर्छ । बाँचेकी भए आज उनी महारानी हुन्थिन । उनी पत्नी हुँदाहुँदै युवराजको अर्को महिलासँग 'अफेयर' चल्यो । सासू एलिजाबेथ द्वितीयाबाट पनि साथ पाइनन । उनको सौन्दर्य र स्वभाव हलिउडकी सेलेब्रिटी हिरोइनभन्दा बढी चर्चित थियो । बीबीसीका संवाददाताको 'अझै पनि महारानी बन्ने सोचमा हुनुहुन्छ ?' भन्ने प्रश्नमा उनले 'चाहन्छु तर बेलायतको होइन, बेलायती जनताको मन र दिलकी महारानी' भन्ने जवाफ दिएकी थिइन्रु। जवाफ विश्वभर भाइरल भयोरु। नेपालमा त्यस्तै राष्टूपति चाहिएको छ, जो आफ्नो काम र व्यवहारले नेपाल र नेपालीको राष्टूपति बनोस्, सरकारको तामझामको राष्टूपति नबनोस ।

तेस्रो राष्टूपतिका लागि निर्वाचन हुनै लागेको छ । राष्टूपति कसलाई बनाउने भन्नेबारे विवाद चलिरहेको छ । केही पूर्वप्रधानन्यायाधीशमध्ये कसैलाई राष्टूपति बनाउन छिमेकी राष्टू, पश्चिमा देश लागेका छन् भनी निकै चर्चा चलिरहेको छ । भर्खरै नेपाल भ्रमण गरेर फर्केका एक पाहुनाले राष्टूपति को हुन्छ भनी नेतालाई सोध्नुबाट नेपाली राष्टूपतिमा विदेशी चलखेल प्रमाणित हुन्छ । नेपालकी प्रथम महिला राष्टूपति राजनीतिक परिवारबाट आएकी हुनाले उनीबाट बेलायतकी महारानी वा नेपालकै राजा वीरेन्द्रको जस्तो भूमिका निर्वाह हुने आशा र विश्वस नेपाली जनताले गरेका थिए । सार्वजनिक क्षेत्रमा महिलाको प्रतिनिधित्व कम भएको नेपालमा महिला राष्टूपति हुनु त गर्वकै कुरा थियो तर उनीबाट समाज निराश भयो । अनुशासित, निःस्वार्थी, संविधानवाद र कानुनी शासन मान्ने नेपालका कृष्णप्रसाद भट्टराई वा भारतका अटल बिहारी वाजपेयीजस्तो व्यक्तित्व राष्टूपतिमा आउनु आजको आवश्यकता हो । राष्टूपतिको निर्वाचनमा 'मेरो भाग' को प्रश्न उठ्नुमा एउटा प्रमुख कारण हो( केपी ओलीले पुनः 'आज्ञाकारी राष्टूपति' खोज्नु । नत्र राष्टूपतिमा तेरो(मेरोको प्रश्नै नआउनुपर्ने हो । राष्टूपति 'मेरो होइन हाम्रो' हुनुपर्दछ । अर्कोतर्फ, शेरबहादुर देउवा विद्यादेवी भण्डारीको कामबाट झस्केकाले होला, पूर्वप्रधान्यायायधिशलाई राष्टूपति बनाउन खोज्दै छन् भन्ने सुनिन्छ । कुनै पूर्वन्यायाधीश राष्टूपति बन्न मरिमेटेका छन् भन्ने पनि चर्चा छ । देउवा आधा ठीक आधा गलत छन । ठीक यस निम्ति छन्, उनले वर्तमान राष्टूपतिबाट 'अगुल्टाले हानेको कुकुर बिजुली देख्दा तर्सिन्छ' भन्ने खालको व्यवहार भोग्नुपरेको छ । उनी गलतचाहिँ किन छन् भने, आफू विपक्षी दलको नेता थिए र पनि राष्टूपतिले एक पटक होइन, दर्जनौं पटक संविधान उल्लंघन गर्दासमेत बोलेनन । महाभियोगको प्रस्ताव सफल हुँदैनथ्यो होला, तर चेतावनीकै लागि भए पनि राष्टूपतिमाथि महाभियोग दर्ता गराउनुपर्दथ्यो । अब अहिले आएर संविधान उल्लंघन हुने गरी पूर्वप्रधान न्यायाधीशलाई राष्टूपति बनाउन मिल्दैन । संविधानको धारा १३२(२) हेर्नुपऱ्यो । संविधान मिच्ने गरी पूर्वप्रधा नन्यायाधीशलाई राष्टूपति बनाउने सोच त्याग्नुपऱ्यो । ५ पटक प्रधानमन्त्री भएका देउवालाई पूर्वप्रधानन्यायाधीशलाई राष्टूपति बनाउने भन्ने ध्वंसात्मक वृद्धि र विचार कहाँबाट आयो र कसले दियो ? धारा १३२(२) ले सर्वोच्च अदालतको पूर्वप्रधानन्यायाधीशलाई सरकारी पदमा लगाउन बन्देज गर्छ । पञ्चायतकालमा अदालत स्वतन्त्र थिएन, राजतन्त्र निरंकुश थियो । राजाले पूर्वप्रधान न्यायाधीश, न्यायाधीशलाई अवकाशपछि अख्तियार दुरुपयोग निवारण आयोगको प्रमुख आयुक्त बनाए । सर्वोच्च अदालतको बहालवाला न्यायाधीशको पदाधिकार कायमै राखेर राजदूत पनि बनाए । पूर्वप्रधानन्यायाधीशलाई राजदूत र कानुन आयोगको अध्यक्ष पनि बनाए । त्यति बेलाको संविधानले त्यो गर्न दिन्थ्यो र राजाको निर्णयको विरोध गऱ्यो भने मुद्दा पनि लाग्थ्यो ।

वासुदेव शर्मा वरिष्ठतम सर्वोच्चको न्यायाधीश हुनुहुन्थ्यो । अवकाशपछि उहाँलाई अख्तियार दुरुपयोग निवारण आयोगको प्रमुख आयुक्त बनाइयो । बहालवाला न्यायाधीश ईश्वरीराज मिश्रलाई पाकिस्तान र बेलायतको राजदूत बनाइयो । पूर्वप्रधानन्यायाधीश नयनबहादुर खत्रीलाई चीनको राजदूत र कानुन आयोगको अध्यक्ष बनाइयो ।

२०४७ सालमा प्रजातान्त्रिक संविधान लागू भयो । धारा १३०(१) ले संविधान प्रारम्भ हुँदा भैरहेका संवैधानिक निकायहरू २०४७ सालको संविधानमा व्यवस्था गरिएको रहेनछ भने ती र तिनमा कार्यरत पदाधिकारीहरू खारेज हुने व्यवस्था गऱ्यो । पञ्चायती संविधानमा अख्तियार दुरुपयोग 'निवारण' आयोग थियो, २०४७ सालको संविधानले अख्तियार दुरुपयोग 'अनुसन्धान' आयोग बनायो । धारा १३०(१) ले गर्दा साबिकको अख्तियार र त्यहाँ कार्यरत पदाधिकारीहरू स्वतः खारेज भए । यो कुरा प्रमुख आयुक्त र आयुक्तहरूले बुझ्नुभएनछ । उहाँहरू सदाझैं कार्यालय जानुभयो । कार्यालयको बोर्ड फेर्ने कुरा गर्दा कर्मचारीहरूले धारा १३०(१) देखाएर पुरानो अख्तियार दुरुपयोग 'निवारण' आयोग रहेन, अब अख्तियार दुरुपयोग 'अनुसन्धान' आयोग बन्यो, तपाईंहरूको पद गैसक्यो भनेपछि लज्जित भएर घरतिरै फर्किनुभयो । उक्त घटनालाई सर्वोच्च अदालतको अवकाशप्राप्त न्यायाधीश पदको बदनाम गरेका रूपमा लिइयो । यिनै कारणले सर्वोच्च अदालतको न्यायाधीशलाई अवकाशपछि सबै पदका लागि अयोग्य गरिएको हो । सर्वोच्च अदालतका अर्का न्यायाधीश ईश्वरीराज मिश्र पद कायमै राखी दुई पटक राजदूत नियुक्त हुनुभयो । बेलायती समाजमा 'नेपाल कस्तो देश, बहालवाला न्यायाधीश राजदूत बन्ने' भनेर चर्चा भयो । अवकाशपछिका त्यस्ता नियुक्तिहरूले सर्वोच्च अदालतबाट सम्पादन भएका न्यायमा अवकाशपछिको पदको लोभले गर्दा सौदाबाजी भएकोतर्फ संकेत गर्छन । ती तीन जनाको अवकाश पछिको नियुक्तिले दुई कुराको संकेत गर्दछ । एउटा, निष्पक्ष न्याय सम्पादनमा जोखिम; र अर्को, ६५ वर्षपछि पुनः जागिरका लागि न्याय बिक्न सक्ने सम्भावना । यी खतरा हटाउनका लागि २०४७ सालको संविधानले धारा ८७(१२) मा, अन्तरिम संविधानको धारा १०६(१) मा र वर्तमान संविधानको धारा १३२(२) मा सर्वोच्च अदालतको प्रधानन्यायाधिश वा न्यायाधीश भैसकेको व्यक्तिलाई मानव अधिकारको अध्यक्षमा बाहेक अन्य पदमा लगाउन प्रतिबन्ध लगायो ।

धारा ६१(४) मा राष्टूपतिले संविधानको पालना र संरक्षण गर्ने उल्लेख छ । राष्टूपतिले छुट्टै शपथ पनि खानुपर्दछ । शपथमा संविधान पालना गर्छु भन्ने हुन्छ । संविधानले बन्देज लगाएकाले संविधानको उल्लंघन हुने गरी पूर्वप्रधानन्यायाधीशलाई राष्टूपति बनाउनु भनेको धारा १३२(२) उल्लंघन गर्नु हो । एउटा धारा उल्लंघन गरेर अर्को धारा पालना गर्छु भन्ने पनि शपथ हुन्छ ? प्रश्न, कुनै नेपाली राष्टूपति बन्ने भन्ने होइन, ३ वटा संविधानले व्यवस्था गरेको धारा १३२(२) को उल्लंघन गर्नु हुन्छ र भन्ने हो ।

धारा १३२(२) मा 'राष्टूपति पद' लेखिएको छैन, 'सरकारी पद' लेखिएको छ । राष्टूपतिमा इच्छुक दुई जना पूर्वप्रधानन्यायाधिशले 'धारा १३२(२) मा राष्टूपति पद नलेखिएकाले हामी राष्टूपतिको उम्मेदवार बन्न सक्छौं' भन्ने गलत अर्थ गर्न सक्छन । धारा १३२(२) लेख्ने संविधान निर्माताहरूले कुनै दिन नेपालको पूर्वप्रधानन्यायाधीश भैसकेको व्यक्तिले पदको लोभले यस्तो मूर्ख व्याख्या पनि गर्ला भन्ने सोचेनन । सोचेका भए पक्का पनि 'सरकारी पद' को सट्टा 'राष्टूपति बाँकी ६ पृष्ठमा

# खेलकुद

## नेपाल स्कटल्यान्डविरुद्ध फिल्डिङ गर्दै

आईसीसी विश्वकप क्रिकेट लिग २ अन्तर्गत आफ्नो दोस्रो खेलमा नेपालले स्कटल्यान्डविरुद्ध फिल्डिङ गर्दैछ । नेपालले टस जितेर पहिला फिल्डिङ गर्ने निर्णय गरेको हो । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा नेपाली टोलीका कप्तान रोहितकुमार पौडेलले टस जितेर पहिला फिल्डिङ गर्ने निर्णय गरेका हुन् । स्कटल्यान्डले नेपालविरुद्ध ब्याटिङ थालेको छ । नेपालले यसअघि नामिबियासित खेलेको पहिलो खेलको टोलीमा सामान्य परिवर्तन गरेको छ । नेपालले ललितनारायण राजवंशीको ठाउँमा गुल्सन झालाई स्थान दिएको छ । नेपालले स्कटल्यान्डविरुद्ध घरेलु मैदानमा पहिलो पटक खेल्न लागेको हो । स्कटल्यान्ड बिना दबाब मैदानमा उत्रने छ । अब तीन खेल खेल्न बाँकी रहेको अवस्थामा स्कटल्यान्ड लिग २ को विजेता बनिसकेको छ । उसले हालसम्म ३३ खेलबाट ४८ अङ्क जोडिसकेको छ । नेपालले भने हालसम्म खेलका २५ खेलबाट २० अङ्क मात्र जोडेको छ । नेपाल सात टोली सहभागी लिग २ को छैटौं स्थानमा छ । नेपालले यसअघि पहिलो खेलमा नामिबियालाई पराजित गरेको थियो । स्कटल्यान्डविरुद्ध आज खेल्ने नेपाली टोलीमा रोहितकुमार पौडेल (कप्तान), आसिफ शेख, कुशल भुर्तेल, ज्ञानेन्द्र मल्ल, सन्दीप जोरा, दीपेन्द्रसिंह ऐरी, कुशल मल्ल, सोमपाल कामी, गुल्सन झा, करण केसी र सन्दीप लामिछाने रहेका छन् ।

## नेपालले स्कटल्याण्डलाई हरायो

आइसिसी विश्वकप क्रिकेट लिग २ को त्रिकोणात्मक एकदिवसीय सिरिजअन्तर्गत स्कटल्याण्डविरुद्धको खेलमा नेपाल विजयी भएको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा नेपालले स्कटल्याण्डलाई तीन विकेटले पराजित गर्दै विजयी भएको हो । स्कटल्याण्डले दिएको दुई सय ७५ रनको लक्ष्य नेपालले ४७ ओभरमा सात विकेट गुमाउँदै पूरा गऱ्यो ।नेपालका लागि दीपेन्द्रसिंह ऐरीले सर्वाधिक ८५ रनको योगदान दिए । उनले एक सय १६ बल खेल्दै आठ चौका र एक छक्काको मद्दतमा अविजित ८५ रनको योगदान दिएका हुन् । त्यसैगरी कुशल मल्लले ८१ रनको योगदान दिए । उनले ६७ बल खेल्दै नौ चौका र चार छक्का प्रहार गर्दै ८१ रन बनाउन सफल भएका हुन् । यसैगरी सोमपाल कामीले अविजित २४ रन बनाए भने गुल्सन झाले १७ रन बनाए । कुशल भुर्तेलले १६ रन जोडे । आशिफ शेखले नौ, कप्तान रोहित पौडेलले छ, सन्दीप जोराले पाँच तथा ज्ञानेन्द्र मल्लले चार रन बनाए । बलिङतर्फ स्कटल्याण्डका मार्क वाट र क्रिस सोलेले समान तीनतीन विकेट लिए भने माइकल लिस्कले एक विकेट हात पारे । त्यसअघि टस हारेर पहिले व्याटिङको गरेको स्कटल्याण्डले निर्धारित ५० ओभरमा नौ विकेट गुमाउँदै दुई सय ७४ रनको योगफल बनाएको थियो । स्कटल्याडका लागि माइकल लिस्कले सर्वाधिक एक सय सात रनको योगदान दिएका थिए । उनले ८५ बल खेल्दै नौ छक्का र तीन चौकाको मद्दतमा अविजित एक सय सात रनको योगदान दिएका हुन् । त्यस्तै ज्याक जार्विसले २६ रनको योगदान दिए भने क्रिसटोफर  म्याकब्राइडले २२ रन जोडे । यसैगरी मार्क वाटले २० रन जोड्दा कप्तान रिचार्ड बेरिङटन र टम म्याकिन्टसले समान १९,१९ रन जोडे । क्रिस ग्रेप्सले १६ रन बनाउँदा म्याथ्यु क्रसले दुई रन मात्र बनाए । बलिङतर्फ नेपालका सन्दीप लामिछानेले तीन विकेट झारे भने कुशल मल्लले दुई विकेट लिए । त्यस्तै सोमपाल कामी, दिपेन्द्रसिंह ऐरी र कुशल भुर्तेलले समान एक एक विकेट लिएका थिए ।

## मुस्ताङ भद्रपुर-झापा गोल्डकप सुरु

मुस्ताङ भद्रपुर-झापा गोल्डकप फुटबल प्रतियोगिताको उद्घाटन उपप्रधानमन्त्री एवं ऊर्जा, जलस्रोत तथा सिँचाईमन्त्री राजेन्द्र लिङ्देनले गर्नुभएको छ । मेची रङ्गशालामा सुरु भएको प्रतियोगिताको उद्घाटन कार्यक्रममा उहाँले खेलको माध्यमबाट खेलाडीको प्रवर्द्धनसँगै मुलुकको विकासमा योगदान पुग्ने बताउनुभयो ।  उहाँले १८ वर्षपछि मेची रङ्गशालामा भएको यो अन्तर्राष्ट्रिय फुटबल प्रतियोगितासँगै भद्रपुर क्षेत्रको समग्र विकासमा महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो । मन्त्री लिङ्देनले खेल सम्पन्न गर्न र यसलाई बर्सेनि निरन्तरता दिन आफ्नो तर्फबाट सक्ने सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । अखिल नेपाल फुटबल सङ्घ (एन्फा) का अध्यक्ष पङ्कजविक्रम नेम्वाङले विभिन्न खेलका माध्यमबाट अन्तर्राष्ट्रियस्तरमा पुगेका झापाली खेलाडीका कारण गौरव महसुस भइरहेको बताउनुभयो । उहाँले सरकारसँग खेलाडीलाई खेल खेलेरै बाँध्न सक्ने आधार तयार गरिदिन समेत आग्रह गर्नुभयो । प्रतियोगिता फागुन १६ गतेसम्म चल्नेछ । पहिलो संस्करणको मुस्ताङ भद्रपुर-झापा गोल्डकप प्रतियोगिताको विजेता टिमलाई नगद रु १३ लाख र उपविजेता टिमलाई नगद रु सात लाख पुरस्कार दिइने आयोजक समितिका अध्यक्ष दिपेश ढकालले जानकारी दिनुभयो । प्रतियोगिता सम्पन्न गर्न रु एक करोड ५० लाख खर्च लाग्ने अनुमान गरिएको उहाँले बताउनुभयो । प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीलाई नगद रु एक लाख पुरस्कार दिइने भएको छ । प्रतियोगितामा आयोजक भद्रपुर झापा ११,  त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, सशस्त्र प्रहरीको एपीएफ क्लब, सङ्कटा क्लबलगायत नेपालका ए डिभिजन क्लबहरू र भारत, भूटान र बङ्गलादेशका तीन विदेशी क्लबसहित १० वटा क्लबबीच प्रतिस्पर्धा हुने अध्यक्ष ढकालले जानकारी दिनुभयो ।

## पोखरा अन्तर्राष्ट्रिय म्याराथनको उपाधि केन्याका स्टेफनलाई

सत्रौं संस्करणको पोखरा अन्तर्राष्ट्रिय म्याराथनको उपाधि केन्याका स्टेफन कोसेइलीले जित्नुभएको छ । पोखरामा सम्पन्न म्याराथन (४२.१९५) किमी दौडस्टेफनले दुई घण्टा २० मिनेट सात सेकेन्डमा पूरा गरी उपाधि जित्नुभएको हो । उहाँ १६ औं संस्करणको समेत विजेता हुनुहुन्छ । अघिल्लो पटक निर्धारित दूरी स्टेफनले दुई घण्टा १९ मिनेट ४३ सेकेन्डमा पार गर्नुभएको थियो । उपाधिसँगै उहाँले रू पाँच लाख पुरस्कार पाउनुभयो । उपाधि विजेता स्टफेनले पोखरा अत्यन्त सुन्दर सहर भएको भन्दै  गत वर्षको तुलनामा पुरस्कार राशिसमेत धेरै भएकामा आफू हर्षित भएको प्रतिक्रिया दिनुभयो । यसैगरी केन्याकै धावक जुलियस मोरियकीदुई घण्टा २० मिनेट ३७ सेकेन्डमा निर्धारित दूरी पार गरी दोस्रो हुनुभयो । उहाँले रू तीन लाख पुरस्कार प्राप्त गर्नुभयो । यस्तै नेपाली सेनाका धावक होमलाल श्रेष्ठ तृतीय हुनुभयो । उहाँले रू दुई लाख पुरस्कार पाउनुभयो ।  श्रेष्ठले निर्धारित दूरी दुई घण्टा २५ मिनेट १४ सेकेन्डमा पार गर्नुभएको थियो । केन्याकै सिमोन म्याराथनमा चौथो बन्दै रू ३० हजार पुरस्कार पाउनुभएको छ । उक्त म्याराथनमा १६ देशका २९ विदेशीसहित दुई सयभन्दा बढी धावकले प्रतिस्पर्धा गरेका थिए ।

## मनाइयो.......

कम्प्युटर अपरेटर अनन्त सुवेदी (मनाङ), कम्प्युटर अपरेटर गेहेन्द्र कुँवर (दाङ), नायब सुब्बा इन्दिरा अधिकारी आचार्य (रोल्पा), कम्प्युटर अपरेटर तेजेन्दकुमार चन्द (सल्यान), नायब सुब्बा श्यामबहादुर राना (हुम्ला), जिल्ला निर्वाचन अधिकारी प्रदीपसिंह धामी (दार्चुला) र कार्यालय सहयोगी टेकबहादुर चन्द (कैलाली) पनि पुरस्कृत हुनुभएको छ ।

## नेपाल.....

बैठकले टनकपुर(महेन्द्रनगर एक सय ३२ केभी सिङ्गल सर्किट प्रसारण लाइनबाट अप्रिलदेखि जुनसम्म ७० मेगावाट र जुलाइबाट मार्चसम्म ८० मेगावाट विद्युत् दुवैतर्फ प्रवाह गर्न सहमति दिएको छ ।"यसबाट सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामास्थित जलविद्युत् आयोजनाको विद्युत् बर्खाको समयमा भारतको केन्द्रीय प्रसारण प्रणालीमा निर्यातका लागि बाटो खुलेको छ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, "साथै हाल रहेको प्रसारण लाइनको क्षमता विस्तार गर्ने वा दुई सय केभीको नयाँ प्रसारण लाइन निर्माण गर्ने भन्नेबारे सम्भावित विकल्पहरू खोज्न संयुक्त प्राविधिक समूहलाई निर्देशन दिइएको छ ।"

नेपालले एक ३२ केभी तथा त्यसभन्दा कम क्षमताका प्रसारण लाइनमार्फत भारतीय बजारमा विद्युत् निर्यातका लागि राखेको प्रस्तावमा भारतले प्रस्ताव अन्तरराज्य प्रणाली कारोबारको भएको र प्रसारण शुल्क, चुहावट आदि विषय रहेकोले केन्द्रीय विद्युत् प्राधिकरणले भारतका निकायसँगको समन्यमा टुङ्गो लगाउने निर्णय भएको छ ।

नेपाल र भारतबीच विद्युत् आयात निर्यातका लागि इनरुवा पूर्निया र नयाँ लम्की (दोदोधारा) र बरेली चार सय केभी प्रसारण लाइन क्रमश : सन् २०२७ र २८ र २०२८ र २९ सम्ममा सम्पन्न गर्ने गरी कार्यान्वयमा लैजाने निर्णय भएको छ ।

नेपालले उक्त प्रसारण लाइनहरू नयाँ बुटवल(गोरखपुर प्रसारण लाइनको लगानी मोडालिटमै बनाउने प्रस्ताव गरेको थियो । लगानीको मोडालिटीलाई चाँडै टुग्याउने सहमति भएको छ । यी दुई प्रसारण लाइन निर्माण भएपछि दुई मुलुकबीचको विद्युत् आयात निर्यातका लागि चार सय केभी क्षमताका पाँच वटा प्रसारण लाइनहरू हुनेछन् । नयाँ बुटवल(गोरखपुर लाइन कार्यान्वयन तथा प्रसारण सेवा सम्झौता छिट्टै सम्पन्न गर्ने र लाइन मार्च २०२५ सम्ममा निर्माण सम्पन्न गर्ने निर्णय भएको छ ।

हाल सञ्चालनमा रहेको ढल्केबर मुजफ्फरपुर चार सय केभी पहिलो अन्तरदेशीय प्रसारण लाइनबाट आयात निर्यात भइरहेको विद्युत् क्षमतालाई छ सय मेगावाटबाट बढाएर आठ सय मेगावाट पुर्‍याउने निर्णय भएको छ ।

बैठकले संखुवासभामा भारतीय सरकारको स्वामित्वको सतलज जलविद्युत् निगमले निर्माण गरिरहेको अरुण तेस्रो जलविद्युत् आयोजनाको निर्माणाधीन ढल्केबर सीतामढी (भारत) चार सय केभी प्रसारण लाइनबाट समेत विद्युत् आदान प्रदान गर्न अध्ययनको लागि संयुक्त प्राविधिक टोलीलाई निर्देशन दिएको छ ।

कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, "उक्त प्रसारण लाइनको क्षमता करिब दुई हजार मेगावाट हो, खरुण तेस्रोका विद्युत् प्रवाह भएपछि जगेडामा रहने करिब एक हजार एक सय मेगावाटको क्षमता प्रयोग गर्न प्राविधिक पक्ष अध्ययन गर्ने निर्णय भएको छ, सतलजले नै निर्माण गर्ने तल्लो अरुण निर्माण हुन केही समय लाग्छ, त्यतिबेलासम्म उक्त लाइन हामीले प्रयोग गर्न पाउनु सकारात्मक हो ।"

भारतीय पक्षले अरुण तेस्रोको प्रसारण लाइन निर्माणमा भोजपुर, खोटाङ, उदयपुरलगायतका जिल्लामा जग्गा अधिग्रहण, स्थानीयको अवरोधलगायतमा विषयमा नेपाली पक्षको गम्भीर ध्यानाकर्षण गराएको थियो । साथै, कोशी राजमार्ग निर्माणमा भइरहेको ढिलाइका कारण पावर ट्रान्सफर्मरलगायतका ठूला उपकरण लैजान नसकिँदा निर्माण तालिका प्रभावित हुन सक्ने भएकोले राजमार्ग निर्माणमा सहजीकरण गरिदिन भारतीय पक्षले आग्रह गरेको थियो ।

नेपाली पक्षले समस्या समाधान गरी तोकिएकै समयमा आयोजना निर्माण सम्पन्न गर्ने वातावरण निर्माणका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएको छ । आयोजनाको निर्माण मार्च २०२४ भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

कटैया (बिहार)(कुशवा (नेपाल) एक सय ३२ केभी प्रसारण लाइनको दोस्रो सर्किट मार्च २०२३ भित्र निर्माण सम्पन्न गर्ने निर्णय भएको छ । भारततर्फ पर्ने लाइन भारत आफैँले आफ्नो खर्चमा निर्माण गर्नेछ । रक्सौल(परवानीपूर एक सय ३२ केभी प्रसारण लाइनको दोस्रो सर्किट अप्रिल/मे २०२३ मा निर्माण सम्पन्न गर्ने निर्णय भएको छ । भारततर्फ पर्ने लाइन भारत आफैँले आफ्नो खर्चमा निर्माण गर्नेछ ।

नेपाल र भारतको उत्तर प्रदेश जोड्ने मैनहिया(सम्पत्तिया एक सय ३२ केभी डबल सर्किट प्रसारण लाइनलाई जोड्न भारतको सम्पत्तिया (न्यू नौतनुवा) सबस्टेसनमा गर्नु पर्ने आवश्यक काम सेप्टेम्बर २०२३ भित्र सम्पन्न गर्ने निर्णय भएको छ । भारततर्फको सबस्टेसनको काम भारत आफैँले आफ्नो खर्चमा निर्माण गर्नेछ ।

यसैगरी, नानपारा (भारत)(कोहलपुर एक सय ३२ केभी डबल सर्किट प्रसारण लाइन जनवरी २०२४ भित्र निर्माण सम्पन्न गर्ने निर्णय भएको छ । भारततर्फपर्ने लाइन भारत आफैँले आफ्नो खर्चमा निर्माण गर्नेछ । नेपालमा सौर्य लगायतका ऊर्जा क्षेत्रमा परामर्श सेवा तथा क्षमता अभिबृद्धि उपलब्ध गराउन भारतको एनटिपिसी सँग समझदारी पत्रमा छिट्टै हस्ताक्षर हुने भएको छ । बैठकमा हरित हाइड्रोजनको क्षेत्रमा द्विपक्षीय सहयोग गर्ने निर्णय भएको छ । संयुक्त निर्देशक समितिको ११ औँ बैठक छ महिनापछि चितवनमा बस्ने निर्णय भएको छ ।

## युवा.....

प्रगति गरेको हो । कवाडी उठाएर बेच्ने गरेका भारतीय भैयाहरु आज काठमाडौंका मालिक बनेका छन् । हामी त्याही नेपाली हौ बेलुका २०० रुपैयाको वियर किनेर खाएको बोतल विहान त्यही कवाडीवालाई दुई रुपैयामा बेचेका नेपालीले त्यही कवाडीवाला २० बर्षमा काठमाडौंको महल किन्ने हैसियत बनाउछ र टोलमा उसैको बालबहुल चल्छ । नेपाली मुलका काठमाडौं शहरको घर बेचेर विदेश पस्छ । यस्तो देश बन्दै छ नेपाल ।

**समस्या कहाँ रहेछ ?**

हाम्रा युवा पुस्तालाई आकर्षण गर्ने कार्यक्रम सरकारले नीतिगत रुपमा बनाएको रहनेछ । बनाएको भए यो अवस्था आउने नै थिएन । हाम्रो सस्कारमा पनि परिवर्तन गर्नुपर्ने हो कि भन्ने देखिन्छ । सुकिला मुकिला भएर अरुलाई हर्कार्ने मात्र गर्ने होइन सीप सिकाउन र व्यवहारमा लगाउन पनि नेपाली समुदायले नयाँ पुस्तालाई लगाउन सकेका रहनेछौ । यि नेपाली समुदायका कमजोरीहरु हुन् ।

परिवर्तनको नाममा अरुलाई गाली गर्ने, तर सधै बरालिएर हिड्ने वानीले नेपाली समुदायलाई यस्तो देशै खाली गर्ने अवस्थामा पुर्‍याएको देखिन्छ । यो त्यतिवेला स्वतन्त्रको नाममा व्यवस्था परिवर्तन गर्नुपर्छ भनेर विदेशीले सिकाईदिएको तीन अक्षरको शब्द विरोध गर्ने, आन्दोल गर्ने, नेपाली सक्रिय जनशक्ति जति यस्तै आन्दोलमा बरालिएर बसेपछि अरु देशका मानिस आएर आर्थिक रुपमा सम्पन्न हुने र हामी नेपालीलाई तिनै विदेशीले दास बनएर काम लगाउने कारणहरुले विस्तारै देश खाली बनाउदै लगेको कारक बनेको छ ।

**अस्थिरताको लामो यात्रा**

प्रजातन्त्र ल्याएको ७३ बर्षमा नेपालका प्राकृतिका स्रोत र देशको जलस्रोतको अधिकारत गुमाइसकिएको छ । जस्तै कोशी सम्झौता, गण्डक सम्झौता, महाकाली सम्झौता । बाकी रहेको देशभित्रको अधिकार पनि आर्थिक रुपमा कमजोर बन्दै गुमिसकेको छ । देखावटी सरकार चलाएको र सर्वभौमसत्ता भनेर संविधानमा लेखिएको भएपनि नेपाली जनताको चाहाना भन्दा अप्रत्यशित ढंगवाट सरकार बन्ने ३/३ महिनामा ढल्ने ढलाउने जस्ता काम भईनै राखेका छन् । जसलाई कसैले प्रजातन्त्रको नाम दिए, कसैले गणतन्त्रको नाम दिए लडाए भिडाए दाजुले भाईलाई भाईले दाईलाई मार्ने मराउने काम गरे यस्तै त्रासदीपुर्ण वातारण बनाएर देशका नागरिकहरुलाई देशवाट भगाउने पनि पारे त्यसैको असरहरु आज युवा पुस्ताहरुमा आएको नैरस्यताले देश खाली बन्दै गएको छ ।

युवा पुस्तालाई रोक्न के गर्ने ?

शिक्षामा परिवर्तन गरी सबैलाई प्रविधिक विषय बिज्ञ बनाउने र पढ्दै व्यवहारमा उतार्ने शिक्षाको नीति बनाई कार्यन्वयन गर्ने । कृषिमा आधुनीकिकरण होइन नेपाली करण हुनुपर्छ । नेपालको उत्पादन नेपालीले प्रयोग गर्ने वातावरण । बजारको वारेन्टी, कृषि कर्ममा लाग्नेहरुलाई भुमि माथिको अधिकार सुनिश्चित गर्नुपर्छ । यति दुईवटा काम गर्नसक्ने क्षमता राखेमा मात्र पनि देशको युवा पुस्तालाई रोक्ने आधार हुनेथियो । सम्बन्धित निकायको ध्यान पुगोस् ।

## नेपाल.....

पद मा नियुक्तिको लागि योग्य छैनन्' भनी लेख्ने थिए ।

सन् २०२० मा भारतका पूर्वप्रधानन्यायाधीश रञ्जन गोगोई अवकाश भए । लगत्तै उनलाई राज्यसभामा मनोनीत गरियो । भर्खरै भारतको सर्वोच्च अदालतका पूर्वन्यायाधीश अब्द्लु नजिरलाई आन्ध्र प्रदेशको गभर्नर बनाइयो । दुवै न्यायाधीश अयोध्याको राम जन्मभूमि सम्बन्धी मुद्दामा संवैधानिक इजलासमा थिए । उक्त नियुक्तिका कारण भारतीय समाजमा त्यस फैसलाप्रति नै सन्देह उब्जाइदिएको छ । २ दिनअगाडि बंगलादेशका १ जिल्ला न्यायाधीशलाई राष्ट्रपति पदको उम्मेदवार बनाइयो । राष्ट्रपति बन्न लबिइङ गरिरहेका हाम्रा पूर्वप्रधानन्यायाधीशहरूबाट ती घटनाहरूतर्फ औंल्याएर 'हाम्रोमा पनि राष्ट्रपति बनाउन मिल्छ' भन्न सक्छन । निर्वाचकमण्डलले बुझ्नुपर्‍यो, भारत र बंगलादेशका संविधानमा हाम्रो संविधानको धारा १३२(२) मा जस्तो पूर्वप्रधानन्यायाधीशलाई पुनः अर्को पदमा नियुक्ति पाउनबाट रोक लगाइएको छैन । त्यसैले ती देशमा सर्वोच्च अदालतका अवकाशप्राप्त प्रधान न्यायाधीश वा न्यायाधीश जुनसुकै पदका लागि योग्य हुन्छन ।

राष्ट्रपतिको सवारीमा जनतालाई हैरानी नदिन सरकारले राष्ट्रपतिको सवारीलाई गणतन्त्रीकरण गर्दै राजतन्त्रको 'ह्याङ ओभर' बाट मुक्त भएर अनावश्यक लामो मोटर केड, घोडचढी रिसल्ला र पछुवा गाडीहरू दौडाउन बन्द गर्नुपर्‍यो एवं पूर्वप्रधान न्यायाधीशलाई राष्ट्रपति बनाएर संविधान उल्लंघन गर्न भएन । केसी पूर्वन्यायाधीश हुन । कान्तिपुर

## ओरालोका.....

यस कथामा ज्ञान, सुझबुझ भएका मानिसले नै घर, समाज र राष्ट्रलाई सखाप पारेको कुरा गरेको छ ।

बहस लघुकथा चोरले न्वारनदेखिको बल झिकेर सामान चोरी भागेको घटनाबाट सुरु भएको छ । यस कथामा चोरलाई तिनीहरूले लखेट्न सुरु गरे पनि चोर कसरी लखेट्ने भन्ने अनावश्यक बहसका कारण चोर पक्रन नसकेको कुरा आएको छ । यस कथामा अनावश्यक तर्क, विचार, बहसले काम बिग्रने कुरा गरेको छ ।

पीडा र पैसा कथामा परिस्थिति वर्णन गरिएको छ । यस कथामा रामप्रसाद लुइँटेलको छोरा अमेरिका, हरिबहादुर कार्कीका छोरा मलेसिया, मानबहादुर तामाङका दुई छोरा अरब, धनबहादुर गुरुङको छोरा ब्रिटिस लाहुरे गएको कुरा गरी हिरालाल बिकको प्रसङ्ग आएको छ । हिरालालको छोराले पनि अरू जस्तै विदेश जान खोज्यो तर पैसा नभएका कारणले उसलाई कसैले सहयोग गरेनन् र ऊ स्वदेशमै बस्न बाध्य भयो । यसरी आफ्नै ठाउँमा बस्दा उसलाई बाबुले विदेश नगएकामा हर्दम गाली गरे । यसैका कारण ऊ पनि अचानक गाउँबाट हरायो । आफ्ना सन्तान विदेश गएकामा सबै खुसी भए । यसै खुसीका कारण अहिले गाउँमा विदेश जाने कल्पना गर्ने मानिस पनि बाँकी छैनन् । अहिले गाउँमा बस्ने आमाबाबु र आफन्त पनि विदेश गएकालाई सम्झेर रुने दिन आएको कुरा व्यक्त छ । यसरी प्रस्तुत कथामा विदेश मोहले गाउँ शून्य भई रुवाबासी चलेको कुरा उल्लेख गरेको छ । यस लघुकथालाई व्यञ्जनार्थमा हेर्दा अहिले नेपाली युवाजनले विदेशमा गएर काम गरी रेमिटेन्स भित्र्याँदा देश खुसी भए पनि भोलि पश्चातापमा पर्ने कुरा गरेको छ । जाममा लघुकथाले नेपालको सडकमा हुने ट्राफिक जामको विषयलाई उठाएको छ । यस कथामा ऊ र ऊ पात्रको विदेशी साथी डेभिड बर्नर छन् । डेभिड बर्नरले फोन गर्दा ऊ पात्र जाममा परेको थियो । ऊ पात्रसँगै पढेको डेभिड बर्नरले काम गरी प्रशस्त पैसा कमाएर मनोरञ्जनका लागि अन्तरिक्षमा घुम्न जाने सोच बनाएको बखतमा पनि नेपालको ऊ पात्र भने सडककै जाममा परिरहेको कुरा आएको छ । यस कथामा नेपालमा हुने कामको जामका कारण देश र देशको जनताको उन्नति नभएको कुरा उल्लेख छ । यस लघुकथाले नेपालको राजनीतिक, सामाजिक, प्रशासनिक आदि क्षेत्रमा देखिएको अदक्षता प्रस्तुत गरेको छ ।

एजेन्ट लघुकथा पौराणिक मिथकमा आधारित छ । यस कथामा जे छोयो त्यही भष्म हुने वरदान भष्मासुरले महादेवबाट प्राप्त गर्दछ । वरदान पाएपछि भष्माासुर महादेवलाई नै मार्न अघि सर्छ । आफैले दिएको वरदानबाट प्रताडित भई महादेव भागेर विष्णुको सहारा खोज्न विष्णुलोक, ब्रह्मलोक पुग्छन् । महादेवले विष्णुको सहारा कहीँबाट पाउँदैनन् । महादेवले विष्णुलाई बचाउन आग्रह गर्दछन् तर भष्मासुरले महादेवलाई विष्णुकै सल्लाहअनुसार आफूले आशीर्वाद लिएको कुरा बताउँछ । रहस्य खुलेपछि आफैले दिएको आशीर्वाद भारी बनेको कुरा महादेवले ठान्दछन् । यस लघुकथामा विष्णुले महादेवको समर्थन गर्नुपर्नेमा भष्मासुरलाई साथ दिई धोका दिएको कुरा देखाइएको छ । धोका पाएपछि महादेवमा रहेको शक्तिको तेस्रो नेत्रले पनि काम गर्न छाडिदिन्छ । यसरी प्रस्तुत कथामा आफूले दिएको कुरा आफ्नै मृत्यु बनेर आएको कुरा गरी नेपालको राजनीतिमा राजाले जनतालाई छाडेको सत्ता, जनताले नेतालाई दिएको वरदान आदि सबै देशका लागि घात बनेको कुरा आएको छ । यस कथामा द्वैध चरित्र निर्वाह गर्नेले नै एजेन्टको काम गरी सबैलाई धोका दिएको प्रसङ्ग गरेको छ । फुटेको नरिवल पूर्ण प्रतीकात्मक लघुकथा हो । यसमा ऊ पात्रले बाहिर जटा र भित्रपट्टि रस भएको नरिवल हातमा खेलाउँदै अगाडि बढेको छ । ऊ पात्रले नरिवललाई कहिले हातमा राखेर खेलाउँछ त कहिले गोडाले हानी खेल्छ । उसले नरिवललाई कान छेउमा लगेर हल्लाउँछ । उसले नरिवल लगेर आफ्नै टाउकोमा हिर्काएर पनि रमाउँछ । यसरी उसले नरिवललाई मन लागुन्जेल विभिन्न तौरतरिकाले खेल्छ । यसरी खेल्दाखेल्दै उसको हातबाट नरिवल भुइँमा खस्छ । आफै खसेको हो वा टाउकामा अघि हिर्काउँदा लागेको चोटले खसालेको हो त्यो कसैले थाहा पाउँदैनन् ।

# अन्तराष्ट्रिय समाचार

## पाकिस्तानका पूर्वराष्ट्रपति मुसर्रफको निधन

पाकिस्तानका पूर्वराष्ट्रपति परवेज मुसर्रफको निधन भएको छ । उनको उपचारका क्रममा दुबईमा निधन भएको हो । ७९ वर्षका उनी कमैलाई मात्र लाग्ने एमलोइडोसिस् रोगबाट पीडित थिए । र उनी ३ हप्तादेखि अस्पतालमा भर्ना भिए । पूर्व सेनाप्रमुखसमेत रहेका उनको निधनमा सेनाको मिडिया विङ्सले समवेदना सन्देश निकालेर भनेको छ, 'अल्लाहले दिवंगत आत्मालाई शान्ति र शोक सन्तप्त परिवारलाई शक्ति दिउन् ।' १८ वर्षको उमेरमा सन् १९६१ मा सैनिक एकेडेमीमा भर्ना भएका उनी सेनाको प्रमुख बनेका थिए । सन् १९९९ मा सैनिक कुमार्फत उनले सत्ता हात पारेका थिए । मुसर्रफले सैनिक कु गर्नुअघि नवाज सरिफ प्रधानमन्त्री थिए र मुसर्रफलाई सरिफले नै सेना प्रमुख नियुक्त गरेका थिए । सैनिक कुबाट पाकिस्तानको कार्यकारी अधिकार हातमा लिएका मुसर्रफ सन् २००१ देखि २००८ सम्म पाकिस्तानको राष्ट्रपति बनेका थिए । सन् २००८ को चुनावमा मुसर्रफको दलले चुनाव हारेपछि उनी दुबई र लण्डनमा निर्वासनमा गएका थिए र सन् २०१३ मा पाकिस्तान फर्केका थिए । स्वदेश फर्केपछि उनीमाथि विभिन्न मुद्दा लागेको थियो । जसमध्येको एउटा मुद्दा सन् २००७ मा संकटकाल घोषणा गरेर संविधान निलम्बन गरेकोमा लागेको राजद्रोहको पनि थियो । जसमा उनीमाथि सन् २०१९ मा मृत्युदण्डको सजाय सुनाइएको थियो ।

## अमेरिकाले लडाकु विमान प्रयोग गरी चिनियाँ बेलुन खसाल्यो

अमेरिकाले आफ्नो देशको महत्त्वपूर्ण सैनिक क्षेत्रहरूको जासुसी गरेको आरोप लगाएको एउटा ठूलो चिनियाँ बेलुनलाई खसालेको छ । अमेरिकी रक्षा मन्त्रालयले लडाकु विमान प्रयोग गरी समुद्री क्षेत्रमा बेलुन खसालेको जनाएको छ । राष्ट्रपति जो बाइडेनले बेलुन खसाल्न अनुमति दिनुभएको थियो । साउथ क्यारोलिनाको तटीय क्षेत्र पार गरेको चिनियाँ बेलुनलाई गोली हानेर खसाल्ने पाइलटहरूलाई राष्ट्रपति बाइडेनले बधाई दिनुभएको छ । यसअघि चीनले मौसम अवलोकनका लागि छाडिएको बेलुन बाटो बिराएर पुगेको जनाएको थियो । अमेरिकाले बेलुन खसालेकोमा चीनले असन्तुष्टि जनाएको बीबीसीले जनाएको छ । अमेरिकी हवाई क्षेत्रमा बेलुन देखिएपछि अस्ति शुक्रवार अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्कनले चीनको भ्रमण स्थगित गर्नुभएको थियो ।

## नयाँ नोटमा बेलायती राजाको तस्बिर नछाप्ने

अस्ट्रेलियाले आफ्नो नयाँ नोटमा बेलायती राजाको तस्बिर नछाप्ने घोषणा गरेको छ । अस्ट्रेलियाको केन्द्रीय बैंकले बेलायतकी महारानी एलिजावेथ द्वितीयको तस्बिर अङ्कित अस्ट्रेलियाको पाँच डलरको नोटमा अब देशको इतिहास र आदिवासी संस्कृतिको सम्मान गर्ने चित्र छापिने जनाएको छ । केन्द्रीय बैंकको यो निर्णयसँगै अघिल्लो वर्ष राजसिंहासन सम्हाल्नुभएका बेलायतका राजा चार्ल्स तृतीयको फोटो नोटमा छापिने छैन । नोटबाट राजाहरूको फोटो हटाउने निर्णयको अर्थ अस्ट्रेलियाको कुनै पनि कागजी मुद्रामा राजसंस्था प्रमुख रहने छैनन् । नयाँ नोट छापिन भने केही वर्ष लाग्नेछ । यसअघि गएको सेप्टेम्बर ८ मा महारानी एलिजाबेथको निधन भएपछि राष्ट्राध्यक्षको सम्मानमा अस्ट्रेलियाले राष्ट्रिय शोकको घोषणा गरेकामा केही आदिवासी समूहले त्यसको विरोध गरेका थिए । विरोधका क्रममा उनीहरूले राजतन्त्रको उन्मूलनका निम्ति आह्वान गरेका थिए ।

## ठूलो आक्रमण गर्ने योजना बनाएको युक्रेनको दाबी

रुसले फेब्रुअरी २४ मा ठूलो आक्रमण गर्ने योजना बनाएको युक्रेनले दाबी गरेको छ । युक्रेनका रक्षामन्त्रीले रुसले पुनः ठूलो आक्रमणको तयारी गरिरहेको र त्यो फेब्रुअरी २४ मा सुरु हुनसक्ने चेतावनी दिएका छन् । अलेक्सी रेज्निकोफले मस्कोले हजारौं सेनालाई तयारी अवस्थामा राखेको र गएको वर्ष आक्रमण सुरु गरेको वार्षिकोत्सव मनाउन केही प्रयास गर्न सक्ने बताउनुभएको छ । युक्रेनको पूर्वी डोनबास क्षेत्रमा युद्ध केन्द्रित रहे पनि दक्षिणी सहर खेअरसनलाई युक्रेनले पुनः आफ्नो पकडमा लिएपछि पछिल्ला महिना युद्धको गति केही सुस्त बनेको छ । अमेरिकाको युद्ध अध्ययन संस्था आईएसडब्ल्यूले हालै मात्रै मस्कोले निर्णायक कदम चाल्न र पूर्वमा ठूलो आक्रमण गर्न सक्ने बताएको थियो । रेज्निकोफले प्रत्याक्रमणको लागि तयारी गर्ने समेत बताउनुभएको छ । युक्रेनी गुप्तचरहरूले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले आफ्ना सेनालाई आउँदो वसन्तयामको अन्त्यअघि डोनबास कब्जा गर्न निर्देशन दिएको दाबी गरेसँगै रेज्निकोफले पछिल्लो टिप्पणी गर्नुभएको हो ।

## म्यानमारमा संकटकाल थप ६ महिना लम्बियो

म्यानमारको सैन्य सरकारले सङ्कटकालीन अवस्थालाई थप ६ महिना बढाएको छ । देशको सङ्कटकालीन अवस्थालाई थप ६ महिना लम्ब्याउन राष्ट्रिय रक्षा तथा सुरक्षा परिषद्ले सहमति जनाएको चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ । सन् २०२१ को फेब्रुअरीमा आङ सान सुकीको सरकार अपदस्थ भएपछि म्यानमारमा सङ्कटकाल लागू भएको थियो । सैन्य सरकार अर्थात् जुन्ताका प्रमुख मिन आङ ह्लाइङले आपत्काललाई लम्ब्याउन गरेको आग्रहलाई स्वीकार गरिएको खबरमा उल्लेख छ । म्यानमारमा सैन्य 'कू' पछि जुन्ता सरकारविरूद्ध देशभर भएका प्रदर्शनमा झण्डै दुई हजार सात सयले ज्यान गुमाएका छन् भने सयौँलाई पक्राउ गरी थुनामा राखिएको छ ।

## टर्कीमा शक्तिशाली भूकम्प : ५ सय जनाको मृत्यु

टर्कीमा गएको शक्तिशाली भूकम्पका कारण ज्यान गुमाउनेको सङ्ख्या पाँच सय जना नाघेको छ । सोमवार बिहान टर्कीको दक्षिणी क्षेत्रमा गएको ७ दशमलव ८ रेक्टर स्केलको भूकम्पका कारण टर्की र सिरियामा ज्यान गुमाउनेको सङ्ख्या पाँच सय जना नाघेको बीबीसीले जनाएको छ । अहिलेसम्म टर्कीमा दुई सय ८४ र सिरियामा दुई सय ३७ जना गरी पाँच सय ११ जनाको ज्यान गएको पुष्टि भएको अमेरिकी सञ्चारमाध्यम सीएनएनले जनाएको छ । भूकम्पले भवनलगायतका संरचना भत्किँदा टर्कीमा मात्रै दुई हजार तीन सय जनाभन्दा बढी घाइते भएका छन् ।

भूकम्पले भत्किएका भवनमा खोजी र उद्धार कार्य चलिरहेकोले ज्यान गुमाउने र घाइतेको सङ्ख्या बढ्न सक्ने टर्कीका उपराष्ट्रपति फौट अक्टेलाई उद्धृत गर्दै खबरमा उल्लेख छ । सिरियाली अधिकारीहरूले पनि घाइतेको सङ्ख्या बढिरहेको र अस्पतालहरूमा चाप बढेकोले उपचारमै कठिनाइ आएको बताएका अल जजिराले जनाएको छ । भूकम्पबाट लाखौं मानिस प्रभावित भएका छन् ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



# ओरालोको सिलसिला लघुकथा संग्रहको सामान्य अध्ययन

डा. शेखरकुमार श्रेष्ठ

१. विषयप्रवेश

ध्रुव मधिकर्मी नेपाली तथा नेपाल भाषामा कलम चलाउने मूर्धन्य स्रष्टा हुन् । उनको जन्म २०१५ साल कात्तिक १४ गते भक्तपुरमा भएको हो । उनका पिता आदिदास मधिकर्मी हुन् भने माता इन्द्रमाया मधिकर्मी हुन् । २०३३ सालदेखि साहित्य सिर्जनामा लागेका मधिकर्मीका समय सन्दर्भ (२०३९) कवितासङ्ग्रह, पीडाको जङ्गल (२०६८) गजलसङ्ग्रह, जिन्दगी र समय (२०४५) तथा दृष्टि र घनघोर जङ्गल (२०५८) कथासङ्ग्रह, लघु लघुकथासङ्ग्रह (संयुक्त, २०३५), बुद्ध कहीँ छैन (२०५१) र ओरालोको सिलसिला लघुकथासङ्ग्रह (२०७८), समकालीन नेपाली कविताका प्रवृत्ति र स्वर समालोचनासङ्ग्रह, अवतार विघटन उपन्यास (संयुक्त) जस्ता कृति प्रकाशित छन् । त्यसै गरी उनको ध्रुव मधिकर्मीया बाखं नेपाल भाषामा प्रकाशित छ । प्रस्तुत लेखमा उनको ओरोलोको सिलसिला लघुकथासङ्ग्रहको अध्ययन गरिएको छ । यस लघुकथा सङ्ग्रहका लघुकथाहरू २०५० देखि २०७१ सालसम्म विभिन्न पत्रपत्रिकामा प्रकाशित लघुकथाहरू लाई सङ्कलन गरी प्रकाशित गरिएको हो (२०७८, ७६) । यो कृति २०७२/७३ मा नै तयार भएको कुरा यसमा भएको भूमिका लेखनले स्पष्ट गर्छ । प्रस्तुत लघुकथासङ्ग्रह २०७२/७३ मा नै तयार भई प्रेसमा पठाउने योजना थियो टाइप र भूमिका मन्तव्यसहितको कार्य पनि लगभग पूरा भइसकेको थियो ( प्रकाशकीय, पृष्ठ क) । यसका साथै यस कृतिमा रहेको किशोर पहाडीको कथाकार मधिकर्मी र उनको प्रिय पात्र ऊ (भूमिका)मा रहेको २०७१ असार १२ को मिति, श्रीओम श्रेष्ठ रोदनको लघुकथा लेखन र उन्नयनमा लागेका स्रष्टा (भूमिका) मा रहेको २०७० चैत्र १ को मिति र मोहनबहादुर कायस्थको साहित्यिक पत्रकार पनि हुन् : ध्रुव मधिकर्मी (भूमिका)मा रहेको २०७१ चैत्रमा लेखिएको भूमिकाले पनि यो कृतिको प्रकाशन ढिलो गरी भए तापनि प्रकाशनको तयारी सात वर्षअघि नै भएको स्पष्ट हुन्छ । प्रस्तुत ओरालोको सिलसिला लघुकथासङ्ग्रहमा चालिस ओटा लघुकथा सङ्गृहीत छन् । यी लघुकथालाई लघुकथा विधामा प्रयोग हुने तत्वरूको आधारमा अध्ययन गरिएको छ ।

२. सैद्धान्तिक आधार

साहित्यका चार विधामध्ये लघुकथा आख्यान विधाको उपविधाअन्तर्गत पर्दछ । जीवन जगत्को एउटा प्रवाहमा जमेको घटनालाई शृङ्खलाबद्ध रूपमा गद्य भाषाका माध्यमबाट कुतूहल, कलात्मक सिर्जना गर्दै चोटिलो समापनका साथ छोटो आयाममा प्रस्तुत गरिएको रचना लघुकथा हो । लघुकथा आख्यानको लघुरूप भए पनि यसमा प्रस्तुत हुने संरचना वा तत्वका कारण यो आफैमा पूर्ण हुन्छ । लघुकथाका तत्व भनेको लघुकथा लेखनका लागि आवश्यक पर्ने साधन हो । लघुकथाका अध्येताहरूले लघुकथा लेखनीमा प्रयोग हुने विभिन्न अङ्ग वा साधनहरूको चर्चा गरी लघुकथाका तत्वहरू निरूपण गरेका छन् । लघुकथा लेखनमा प्रयोग हुने विभिन्न तत्वहरूमध्ये यस अध्ययनमा कथानक, चरित्र, परिवेश, भाषाशैली, उद्देश्य र शीर्षकका आधारमा ओरालाको सिलसिला लघुकथा सङ्ग्रहमा समाविष्ट कथाहरूको अध्ययन गरिएको छ ।

२.१ विषयवस्तु

ध्रुव मधिकर्मीको ओरालोको सिलसिलाभित्र सङ्गृहीत पहिलो लघुकथा संस्कार हो । यस लघुकथामा आफूलाई आधुनिक बनाउँदै ऊ पात्रले प्राचीन मूल्यमान्यतालाई अन्धविश्वास मानी ईश्वर नहुने कुरा साथीसँग गरेको छ । उसले साथीसँग मूर्तिलाई ढुङ्गा भएको घोषणा गर्दछ । विवाद बढ्दै जाँदा साथीले मूर्तिमा ईश्वर नभए एक लात हानेर नास्तिक भएको प्रमाणित गर्न चुनौती दिन्छ । यसलाई स्वीकार्दै सुरुमा ऊ पात्रले आफू नास्तिक भएको देखाउन मूर्ति छेउमा एकान्त पारी जान्छ तर लात हान्न सक्दैन । यसरी प्रस्तुत लघुकथामा मानिसले आफूलाई जतिसुकै नास्तिक ठाने पनि उसभित्र रहेको आदिम संस्कारका कारण नास्तिक बन्न नसक्ने अभिप्राय प्रकट गरेको छ । यस लघुकथाले कोखबाट नै मानिस संस्कारित हुने भएकाले आफ्नो संस्कार त्याग्न नसक्ने कुरा अभिव्यक्त गरेको छ । यसमा सांस्कृतिक मनोविज्ञान छ ।

जत्था लघुकथामा बलियो पक्ष वा समूहबाट कमजोर वा एक्लो व्यक्ति पीडित बन्ने कुरा आएको छ । यसमा तिनीहरू (समूह) ले ऊ (एक्लो) व्यक्तिलाई आफूसँग भएका हतियारले तर्साई बन्धक बनाउँछ । यस बन्धनबाट मुक्ति लिन ऊ पात्रले दाजुभाइ र आफन्त हेर्नुपर्ने कुरा बताउँदा चलमलाउने गोडा बाँधिदिन्छन् । छोराछोरी झगडा गर्न लागेको कुरा गरी छुट्याउनलाई छाड्नभन्दा तिनीहरूले हातहरू बन्धक बनाइ दिन्छन् । ऊ पात्रले श्रीमतीलाई प्रेम दिन आफूलाई छाड्नभन्दा उनीहरूले छाती नै ढुङ्गा जस्तो कठोर बनाइ दिन्छन् । यसै क्रममा ऊ पात्रले आफ्नो इच्छा विपरीत बन्धक बनाएको कुरा गर्दा तिनीहरूको इच्छा पूरा नगरेकाले बन्दी बनाएको कुरा सुनाउँछन् । अन्तमा तिनीहरूको विचार ऊ पात्रले कुनै हालतमा नमान्नेभन्दा जबर्जस्ती बलपूर्वक घिसारेर आफ्नो समूहमा लैजान्छन् । यस स्थितिमा ऊ पात्रले शरीर आफ्नो भए पनि आफ्नो नियन्त्रणमा नरहेको महसुस गर्छ । उसले आफूमा रहेको स्वतन्त्रता मरेको ठहर गर्छ । यसरी प्रस्तुत कथामा बलियो जत्था, विस्तारवादी शक्ति, ठुला पार्टी, सङ्गठन, हातहतियारले अरूलाई अधीनमा लिँदा मानवीय स्वतन्त्रता खोसेको कुरा आएको छ । यस लघुकथाले दश वर्षे जनयुद्धको प्रताडनालाई मार्मिक रूपमा चित्रण गरेको छ । यसका साथै शक्तिसम्पन्न राष्ट्रले नेपाल, नेपाली जनताको स्वतन्त्र विचार आदि कब्जा गरेको कुरासमेत उल्लेख गरेको छ । यस कथाले निरीह व्यक्ति, समाज, राष्ट्र आदि शक्तिशालीको बन्धनमा पर्ने कुरा गरेको छ । यो कथा राजनीतिक र विस्तारवादी विषयसँग सम्बन्धित छ । शुभचिन्तक कथामा प्रजातन्त्र प्राप्तिका लागि जीवन दाउमा राखेर क्रान्तिमा सहभागी हुँदा साथ दिने आफन्त नभएको तर प्रजातन्त्र आई मन्त्री बनेपछि गोरु बेचेको साइनो जोडेर नभएका आफन्त पनि शुभचिन्तक बनी आएको कुरा उल्लेख छ । यस कथामा राजनीतिक विद्रोह र क्रान्ति सफल भएपछिको राजनीतिक कर्मीको फरक दुई जीवनको अवस्थालाई मानिसले हेर्ने मनोवृत्ति प्रस्तुत छ । कमाइ कथाले भारतबाट नेपालीले विभिन्न कुरा सहयोग लिने क्रममा दाइजो प्रथा पनि लिएको कुरा व्यक्त गरेको छ । यस कथामा भारतको कुनै सहरमा बस्ने मारवाडी नेपालमा आई व्यापार गर्दै बसेको कुरा आएको छ । यसमा मारवाडीले छोरा जन्मेपछि एक लाख रुपैयाँ कमाइ भएको भनी छोराको जन्ममा खुसी मनाएको कुरा गरेको छ । यस कथाले एकातिर भारतीय नागरिकको नेपाल प्रवेश देखाएको छ भने अर्कातिर भारती संस्कृतिको प्रभावका कारण नेपालमा तिलक प्रथा र अधिक दाइजो दिनुपर्ने संस्कार भित्रिएको कुरा उल्लेख भएको छ । यस कथाले सामाजिक विसङ्गति, सांस्कृतिक अतिक्रमण, भारतीय नागरिकको नेपालमा खुलेआम बसोबास रहेको कुरा व्यक्त गरेको छ ।

लक्ष्य कथामा ऊ पात्र लक्ष्यमा पुग्नका लागि तीव्र गतिको यात्रामा सरिक भएर अगाडि पुगे पनि कहाँ पुगेको थाहा नपाई रुमलिएको कुरा आएको छ । यस कथाले लक्ष्यविहीन यात्राले मानिस/ समाज/ राजनीति/ देशलाई कुहिरोभित्र अलमलिरहेको काग बनाएको कुरा आएको छ । यस कथाले तिस वर्षको यात्रा देखाई पञ्चायती व्यवस्था फाली नेपाल अगाडि बढे पनि कहाँ पुगेर यात्राको अन्त हुने भन्ने अलमलले नेपालको आन्दोलन सडकमा अलमिलरहेको कुरा देखाएको छ । यस कथामा मानिसले जतिसुकै आफूलाई परिवर्तन गरे पनि अन्तमा बाटोको भेउ नपाई अलमलिने कुरा गरेको छ । यसले पौरस्त्य ब्रह्मज्ञानरहित दार्शनिक चिन्तनलाई पनि ध्वन्यात्मक रूपमा अभिव्यक्त गरेको छ । भुत्ते हतियार लघुकथामा ऊ पात्रसँग भुत्ते हतियार भएको देखाइएको छ । ऊ पात्रले आफूसँग भएको त्यही हतियार लिएर निरीह र निर्दोष मानिसलाई आफ्नो अधीनमा राखेको थियो । उसको यो हैकमी प्रवृत्ति लामो समयसम्म चल्छ । उसको हतियारबाट त्रसित मानिसले उसबाट भयभीत भई उसलाई मानसम्मान गर्छन् । समयक्रमसँगै जनताहरूले उसको हतियार भुत्ते भएको देख्छन् अनि सामान्य जनतासमेतले उसको हैकम मान्न छाडेको कुरा यसमा आएको छ । यस कथाले पुरानो विचारलाई कसैले नमान्ने कुरा एकातिर गरेको छ भने अर्कातिर डर र त्रास देखाएर गरिने राजनीति क्षणभङ्गुर हुने कुरा देखाएको छ । घरझगडा लघुकथामा तिनीहरू पात्र छन् । यस कथामा पुरानो, अपायक, सानो घर भत्काएर बनाउन सबैको सहमति जुटे पनि घर भत्किएपछि कस्तो घर बनाउने भन्ने विषयमा मत बाझिँदा घरबारविहीन भएको स्थिति देखाइएको छ । यस कथामा पुरानो सत्ता र संविधान फालिएपछि नयाँ सत्ता र संविधान कस्तो बनाउने भन्ने विषयमा झगडा पर्दा देश बेथितिको सिकार भएको कुरा व्यञ्जना अर्थमा आएको छ । यस कथाले गतिछाडा राजनीतिक माहोल प्रस्तुत गरेको छ । बाटैबाटो लघुकथाले जनता, समाज, पार्टी, सरकार र राष्ट्रको लक्ष्य एउटै नबनेका कारण अनेक बाटाहरूको नक्सा कोरिएको तर सबै बाटो अपूर्ण रहेको कुरा व्यक्त गरेको छ । यस कथाले देशको सवालमा एकै चिन्तन, विचार र लक्ष्य नभएकाले देशले विकासको बाटो नलिएको तितो सत्य ओकलेको छ । सुनको फूल कथाले नेतृत्वको ज्ञान र क्षमता प्रस्तुत गरेको छ । यस कथामा सामान्य मानिसलाई नेता बनाएर सुनको फूल पार्ने कुखुरा दिँदा लोभका कारण कुखुरा नै मारेर दैनिक आम्दानीको स्रोत टुटेको कुरा प्रस्तुत छ । यस कथामा कुखुरा मर्दा नेताले एउटा फूल प्राप्त गरे पनि जनताले केही नपाएको कुरा देखाएको छ । यस लघुकथालाई पनि व्यञ्जनार्थमा हेर्दा नेपालमा संविधान बने पनि त्यसको उपयोग नेताले गरेको तर त्यसलाई नेताले आफ्नै स्वार्थका लागि अधिक प्रयोग गर्ने क्रममा संविधानका नियम मिचिएको कुरा आएको छ ।

हातको चरा लघुकथामा केटाकेटी पात्र छन् । यस लघुकथाअनुसार केटाकेटीले अचानक रङ्गीचङ्गी प्वाँख भएको चरा हातमा पार्छन् । उनीहरूले त्यस चरासँग खेल्दै जाँदा अन्तिममा चरा फुत्केर उड्छ । त्यो चरा हाँगामा गई अरू चरासँग बस्छ । तर केटाकेटीलाई त्यस चरा गुमाउँदा कुनै दुःख नलागेको बरु अर्को चरा लिनका लागि उफ्रिरहेको कुरा आएको छ । यस कथामा पाएको चिज सदुपयोग गर्न नसकेको तर अप्राप्य वस्तु प्राप्तिका लागि व्यर्थ प्रयास भइरहेको कुरा उल्लेख छ । यस कथाले नेपालमा प्रजातन्त्र, संविधान जस्ता चिज आए पनि त्यसलाई सबैले खेलौना बनाएर खेल्दा फुत्केको अनि त्यस फुत्काइको पीडासमेत नलिई अर्को प्राप्त नहुने चिजका लागि समय र श्रम खेर फालिरहेको कुरा अभिव्यक्त भएको छ । बम र बेलुन कथामा बेलुनलाई शान्तिको द्योतक मानिएको छ । बालिका बेलुनसँग खेल्न, रम्न चाहन्छे तर बेलुनलाई नेताहरूले खेली बालिकालाई चाहिँ बमसँग खेल्न दिइएको कुरा आएको छ । यस कथामा शान्तिलाई नेताहरूले अपहरण गरी बमचाहिँ जनतालाई दिइएको प्रसङ्ग आएको छ । ओरालोको सिलसिला यस सङ्ग्रहको बाह्रौँ र कृतिको नामकरण भएको कथा हो । यस कथामा भ्रष्टाचारी प्रवृत्ति घरको चुल्होदेखि सरकारसम्म व्यापक बनेको कुरा आएको छ । यस कथामा सबै जना भ्रष्टाचारी भएको तथ्य आएको छ । यस कथामा प्रधानमन्त्रीले भ्रष्टाचार गरेको कुरा पत्रकारले छापेपछि मन्त्रीदेखि कार्यालयमा काम गर्ने खरिदारसम्मलाई त्यसले आश्चर्यमा पारेको तर पिउनलाई भ्रष्टाचारले नछोएको कुरा व्यक्त गरेको छ । यस कथामा ठुला भ्रष्टाचार गरेको कुरा समाचारमा आए पनि घरखर्चको सामान किन्न जाँदा हुने भ्रष्टाचार कसैको आँखामा नपर्ने कुरा व्यक्त छ । यस कथामा भ्रष्टाचारी प्रवृत्तिले सबैलाई छोएका कारण देश ओरालोतिर लागेको कुरा उल्लेख छ । अन्धाधुन्ध दौड कथामा नेपालको नेता र कार्यकर्ताको प्रवृत्ति आएको छ । यस कथाले नेपालको सिद्धान्तविहीन र नेतामुखी राजनीति देखाएको छ । यस लघुकथामा राजनीतिक दलका कार्यकर्तालाई नेताले अन्धो बनाएका छन् । यसकै कारण कार्यकर्तामा विवेक छैन । यसैको परिणाम कार्यकर्ताले यथार्थ बुझ्नुभन्दा पनि नेताले जे भन्यो त्यसलाई अक्षरशः पालन गरी दौडिरहेका छन् भन्ने कुरा व्यक्त गरिएको छ । यस कथाले नेपालको राजनीति सिद्धान्तमा नभई नेतामुखी बनेको कुरा उल्लेख गरेको छ । राजनीति लघुकथाले जङ्गलमा बस्ने बाघले भेडा नखाई मान्छे खान थालेको कुरा गरेको छ । यस कथाले जङ्गलको राजनीति सहर पसेको कुरा बताएको छ । यस कथामा मान्छेको हिंसा गर्न बानी परेपछि बाघले जनावर मारेर नखाने भन्दै अहिलेको हिंसा जङ्गलबाट मानव समुदायमा स्थानान्तरण भएको कुरा आएको छ । बजार लघुकथाले हरेक पेसाकर्मीले आफूलाई बेचिरहेको कुरा गरेको छ । यस कथामा एउटी तरुनी आइमाईले फूल बेच्ने पेसा अँगाले पनि उसले बेच्न राखेको फूलको नभई उसकै यौवनको फूल विक्री भएको कुरा प्रस्तुत छ । यस कथामा पेसा विक्री नभएको तर यौवन व्यापार भएको कुरा देखाइएको छ । यस कथामा यौन व्यापारले समाज भाँडिन्छ भनी दिनमा विरोध गर्नेहरू नै रातको समयमा यौनको ओढ्ने लगाउन पुगेको कुरा आएको छ । अर्थोक लघुकथामा मानिसको व्यापारी प्रवृत्ति देखाइएको छ । यस कथामा मन्दिर बनाउने जस्तो धार्मिक र पवित्र काम गर्दा पनि व्यापार भएको कुरा आएको छ । यस कथामा मन्दिर बनाउन सबैसँग उठाइएको पैसाले मन्दिरका साथै धर्मका ठेकेदारहरूले आफ्नो घर बनाएको कुरा प्रस्तुत छ । यस कथामा समाजसेवा धार्मिक र सामाजिक कार्य नभई व्यापारिक बनेको कुरा देखाइएको छ । गोष्ठीहरूको देश लघुकथाले गोष्ठी, सेमिनार, छलफल र प्रवचन गर्दै समय, श्रम र लगानी सकिएकाले देश विकास नभएको कुरा व्यक्त गरेको छ । यस कथामा कामले देश विकास गर्नुपर्नेमा कुरा र छलफलमै देश जकडिएको कुरा आएको छ । यस कथाले नेपालको सामाजिक स्थिति र राजनीतिको पर्यावलोकन गरेको छ । धोएको गधा कथामा गधा धोएर गाई बन्दैन भन्ने नेपाली उखान गलत साबित गरेको छ । यस कथाले नेपालको राजनीति सिद्धान्तमा नभई नेताको पुच्छर बन्ने क्रमसँगै अगाडि बढेको कुरा उल्लेख छ । सामान्य कारण लघुकथामा शीर्षक एक भए पनि चार ओटा कथानक छन् र यस लघुकथामा आएको अन्तले सबैलाई समेटेको छ । पहिलोमा घाम राम्रोसँग लागेर हावा कतै नचलेको बेलामा यात्रा सुरु गरे पनि घामकै सहारामा यात्रा गर्ने मानिसको झोला रित्तो भएकाले यात्रीको जीवनमा घनघोर छाया परेको कुरा व्यक्त छ । दोस्रोमा एक्लै हिँडिरहेको ऊ पात्रलाई कसैले आक्रमण गरेको तर उसले प्रतिरोध गर्न (सिप नहुँदा) नसक्दा आक्रमणमा परी मरेको कुरा आएको छ । तेस्रोमा ऊ पात्र राष्ट्र र समाजभित्रकै व्यक्ति भए पनि सहाराविहीन बनेको कुरा गर्दै महँगी, अनैतिकता, अन्याय, कुकर्म र अनादर्शको सिकारमा परी मानिस एक्लो बन्दै गएको कुरा गरेको छ । त्यस्तै चौथोमा ऊ पात्र महाभारतको अभिमन्यु जस्तै सत्यमा लाग्दा चारैतिरका छलछाम, ईर्ष्या, बेइमान, अनादर्शका कारण बाँच्न नसकेको कुरा अभिव्यक्त भएको छ । यस लघुकथाको अन्त भागले नेपालमा प्रजातन्त्र आए पनि ऊ पात्रमा धोका षड्यन्त्र, छलछाम, जालझेल आदि नभएका कारण एक्लो बनेको र उसलाई कसैले नबचाएको कुरा उल्लेख छ । एक्लो नेता लघुकथाले राजनीतिमा देखिने अस्वस्थ प्रतिस्पर्धा प्रस्तुत गरेको छ । यस कथाले मानिसलाई सबेको नेतृत्व गर्नुपर्ने कुरा गरी अरूलाई तर्साएर, अरूलाई अघि बढ्न नदिएर नेतृत्ववर्ग बसिरहेको कुरा गरेको छ । यस कथामा आफूले नै नेतृत्व गर्नुपर्ने कारणले पार्टीमा नेता एक्लो परेको कुरा आएको छ । यस कथाले साथमा अघि बढ्न नसक्ने र अर्काको राजनीतिक नेतृत्व पनि स्वीकार गर्न नसक्ने बेथितिका कारण धेरै दल भई एक्लै नेता मात्र पार्टीमा रहेको कुरा आएको छ । यस लघुकथाले नेतामा राजनीतिक नेतृत्व गर्ने चाहना बलवान् रहेकाले सक्षम व्यक्ति पछाडि परेको कुरा अभिव्यक्त गरेको छ ।

अभिभावकत्व लघुकथाले अन्यौलग्रस्त राजनीतिक अवस्थाप्रति व्यङ्ग्य गरेको छ । यसमा बस भाडा वृद्धिका कारण भएको आन्दोलन, आन्दोलनमा भएको तोडफोड प्रस्तुत गरिएको छ । यसमा अभिभावकविहीन आन्दोलन बिचमा तुहिने गरेको कुरा एकातिर प्रस्तुत छ भने अर्कातिर निरर्थक आन्दोलनले गाडी तोडफोड भएको, सडक घन्टौँ जाम भएको, बटुवाले व्यर्थमा दुःखकष्ट पाएको कुरा गरेको छ । यस कथामा बेअर्थमा गाडी फोरिएको, जाम भएको, गाडी जलाउन खोजिएको कुरा देखाएको छ । यसमा अभिभावकविहीन देश भएका कारण आन्दोलनले क्षति मात्र पुऱ्याएको कुरा उल्लेख छ । चङ्गा कथामा राजनीतिक दलका वक्ताहरू एकातिर भाषण गर्न पर्खेर बसेको र अर्कोतिर पार्कमा केटाकेटीहरू खेलिरहेको प्रसङ्ग उल्लेख छ । तयसैले यसमा दुई फरक प्रसङ्ग आएको छ । पार्कमा खेलिरहेका केटाकेटीहरू अरूले उडाएको चङ्गा चेट भएर आएपछि तयसलाई पाउन दौडन्छन् । उनीहरूले लामो प्रयास गरेपछि चङ्गा भेट्छन् तर चङ्गालाई सबैले आफ्नो बनाउने कोसिस गर्दा च्यातिन पुग्छ । त्यस्तै अर्कोतिर देशको नेतृत्व गर्ने नेताले पनि चङ्गारूपी देशको नेतृत्व आफ्नो पोल्टामा राख्न खोज्दा केटाकेटीले च्यातेको चङ्गा झैँ देशको अस्तित्व च्यातिन थालेको कुरा आएको छ । यस कथाले लुछाचुँडीका कारण नै देश टुक्रिने कुरा गरेको छ ।

ढुङ्गा लघुकथामा बाटामा परेको ढुङ्गालाई पूजा गरेकाले देवता बनेको हो भन्ने कुरा देखाइएको छ । यस लघुकथामा सबैले पूजा गरुन्जेल ढुङ्गा देवता बन्ने तर आँटका साथ फाल्दा त्यो फालिने कुरा बताइएको छ । यस लघुकथाले बिचमा परेको देवतारूपी ढुङ्गालाई नेतृत्व तहले दिएको बाधा मानेको छ । यसमा बाटाको देवतारूपी ढुङ्गाले फराकिलो बाटो बन्न नदिँदा हिम्मतका साथ कसैले फालिदिए जस्तै देशको नेतृत्व गरिरहेको देवतारूपी सरकारलाई पनि जरैसहित हटाउनुपर्ने कुरा गरेको छ । यस कथाले संसारमा कुनै पनि देवता, देवतारूपी व्यवस्था आदि दोबाटोमा बसी विकासको काममा बाधा बन्छ भने त्यसलाई निकालेर मिल्काउनुपर्ने कुरा गरेको छ । यस कथाले संसारमा कुनै पनि कुरा स्थायी नहुने कुरा गरेको छ । यस कथाले नेपालको राजनीतिमा देखिने पुरानो सत्ता दोबाटोको ढुङ्गा झैँ फालिएको कुरासमेत व्यक्त गरेको छ ।

चिनेको चोर लघुकथामा पाले पसलमा चुरोट किन्न गएको बेला मौका छोपी चिनजान भएको चोर घरभित्र पसेर सामान चोरेको कुरा आएको छ । यस कथामा चोरलाई कुकुरले चिनेका कारण चोरी सफल बनेको कुरा उल्लेख छ । यस कथाले नचिनेको चोरले भन्दा पनि चिनेकै चोरले घर सखाप पारेको कुरा गरेको छ । बाँकी ६ पृष्ठमा

# गीत



**विमल गिरी**

रमाई रमाई खोली तर्यौं छोडी मलाई बगरमा

अब कहिल्यै फर्की नआऊ बिन्ती मेरो नजरमा

देखेपछि चोट दुख्छ चर्की चर्की छातीभरी

मै जमाउँला पीडाजति दुई आँखामा रारासरी

सागरजत्रै खुसी अटोस् सँधै तिम्रो अधरमा

अब कहिल्यै फर्की नआऊ बिन्ती मेरो नजरमा!

तिम्लाई पाउने आशै आशमा जिन्दगीको नाउ डुब्यो

भित्र राखी सजाउ भन्थे सपनाको गाउँ डुब्यो

रमाऊ उतै तिम्रो सुन्दर पिरतिको सहरमा

अब कहिल्यै फर्की नआऊ बिन्ती मेरो नजरमा ।

# २०२३ जिप कम्पासको नेपालमा डेलिभरी शुरु, यस्तो छ सबै भेरिएन्टको नयाँ मूल्य

जिपको लोकप्रिय एसयूभी कम्पास २०२३ मोडलको डेलिभरी शुरु भएको छ। नेपालका लागि आधिकारिक वितरक लाइफ अटोमोवाइल्सले केही दिनयता यो नयाँ मोडलको डेलिभरी




दिन थालेको हो। लामो समयको आयत प्रतिवन्धका कारण ग्राहकले यो एसयुभी खरिद गर्न पाएका थिएनन्। २०२३ कम्पासको शुरुवाती मूल्य १ कारोड ४ लाख ९० हजार रुपैयाँ निर्धारण गरिएको छ। यो एसयूभी कुल ७ भेरिएन्टमा उपलब्ध छ।

नेपाली बजारमा यो एसयूभी १.४ लिटर पेट्रोल र २.० लिटर डिजेल इन्जिनमा उपलब्ध रहँदै आएको छ। जसको पावर क्रमश १६२ पिएस र १७० पिएस तथा टर्क २५० एनएम र ३५० एनएम छ।

फ्रन्ट ह्विल ड्राइभ दिइएको पेट्रोल भेरिएन्टमा ६ स्पिड म्यानुल र ७ स्पिड डिसिटी ट्रान्समिसनको विकल्प पाउन सकिन्छ भने डेलमा फोर ह्विल ड्राइभ दिइएको छ। जसमा ६ स्पिड म्यानुल र ९ स्पिड अटोमेटिक ट्रान्समिसनको विकल्प पाउन सकिन्छ। कम्पासको टप स्पिड २०२ किलोमिटर प्रतिघण्टा रहेको छ।

कम्पास २०२३ को साइड प्रोफाइलमा केही सुधार भएको देख्न सकिन्छ। साथै यसको ग्रिललाई रि डिजाइन गरिएको छ भने एलइडी हेडल्याम्पमा समेत सुधार गरिएको छ। यसमा फक्स स्किड प्लेट सहितको नयाँ वम्पर, नयाँ अलोई ह्विल, नयाँ एसी भेन्ट सहितको रिडिजाइन गरिएको ड्यासवोर्ड, नयाँ थ्रि स्पोक स्टेरिङ ह्विल, १०.१ इन्चको टचस्क्रिन इन्फोटेन्मेन्ट सिस्टम, १०.२ इन्चको इन्स्ट्रयूमेन्ट क्लस्टर, वायरलेस चार्जर र भेन्टिलेटेड फ्रन्ट सिट लगायत फिचर पाउन सकिन्छ।

सेफ्टि फिचर अन्तर्गत यसमा ७ वटा एयरव्याग, ३६० डिग्री क्यामेरा, रिभर्स पार्किङ सेन्सर, इविडी सहितको एविएस, ट्र्याक्सन कन्ट्रोल, हिल एसिस्ट कन्ट्रोल लागयत उपलब्ध छ।

यसको सवैभन्दा सस्तो भेरिएन्ट स्पोर्ट एमटी-पेट्रोलको मूल्य १ करोड ४ लाख ९० हजार रुपैयाँ तोकिएको छ भने सवैभन्दा महंयो भेरिएन्ट मोडल एस एटी फोर ह्विल ड्राइभ-एटकिो १ करोड ५३ लाख ९० हजार पर्छ।

वाँकी भेरिएन्टमा लिमिटेड(ओ) डिसिटी एटी-पेट्रोलको १ करोड १९ लाख ९० हजार, मोडल एस(ओ) एटी-पेट्रललाई १ करोड २९ लाख ९० हजार र लिमिटेड(ओ) एमटी-डिजेललाई १ करोड २८ लाख ९० हजार पर्छ। यसैगरी, लिमिटेट(ओ) एटी फोर ह्विल ड्राइभ-डिजेलको १ करोड ४३ लाख ९० हजार र मोड एस एमटी-डीजेलको १ करोड ३५ लाख ९० हजार तोकिएको छ।

# २८ वर्ष पुरानो यो बाइकले तोड्यो सबै कीर्तिमान, यस्तो छ विशेषता

हिरो स्प्लेन्डर भारतमा सबैभन्दा बढी बिक्री हुने कम्युटर बाइक हो। २०२२ मा सबैभन्दा धेरै बिक्री हुने बाइकको सूचीमा स्प्लेन्डर पहिलो नम्बरमा थियो।

२९ वर्षअघि लन्च गरिएको स्प्लेन्डर गत वर्ष २६ लाख ६५ हजार ३८६ जनाले खरिद गरेका थिए। हिरो



स्प्लेन्डर बाइक सन् १९९४ मा सीडी१०० को नयाँ भर्सनको रूपमा लन्च गरिएको थियो। सन् २०११ मा स्प्लेन्डर पहिलो पटक पावर स्टार्ट सिस्टम र नयाँ इन्जिनको साथ लन्च गरिएको थियो।

सो बाइक हाल हिरो स्प्लेन्डर प्लस, हिरो सुपर स्प्लेन्डर र हिरो स्प्लेन्डर प्लस एक्सटेक ३ मोडलमा उपलब्ध छ।

माइलेज

हिरो स्प्लेन्डर पछि अन्य बाइकमा पनि माइलेजमा विशेष चासो राख्न थालियो। हिरो स्प्लेन्डरले अझ पनि ६० किलोमिटरको माइलेज दिन्छ। तर, कम्पनीले यो भन्दा बढी माइलेज दिने दाबी गरेको छ।

इन्जिन

सुपर स्प्लेन्डरमा १२४.७ सीसी, स्प्लेन्डर प्लस र एक्सटेकमा ९७.२ सीसीको फोर स्ट्रोक इन्जिन उपलब्ध छ। बाइकको बीएस६ अनुरूप ९७.२ सीसी फ्युल इन्जेक्टेड इन्जिनले ७.९ बीएचपीको पावर र ८.०५ एनएम टर्क उत्पादन गर्छ। सो बाइक खराब सडक, गाउँ र सामान ओसारपसारमा सजिलै प्रयोग गर्न सकिन्छ।

मजबुती

स्प्लेन्डर एकदमै रफ र टफ बाइक हो। यसको आयु धेरै लामो छ। अहिले पनि २० देखि २५ वर्ष पुराना स्प्लेन्डर सडकमा देखिने गरेको छ। यो बाइक ग्रामीण क्षेत्रमा धेरै बिक्री हुन्छ। बाइकलाई थप व्यवहारिक बनाउन स्प्लेन्डरले ग्रयाब ह्यान्डल र साइड हिन्ज लगेज माउन्ट गर्ने जस्ता फिचर समावेश गरिएको छ।

मेन्टिनेन्स

हिरो स्प्लेन्डर सर्भिसिङ गर्न कम खर्च लाग्छ। बाइकका पार्टपुर्जाहरू सजिलै उपलब्ध हुन्छ। साथै बाइकको रिसेल भ्याल्यु पनि निकै उच्च छ।

मूल्य

हिरो स्प्लेन्डर बीएस६ मोडलको मूल्य ७३ हजार भारुबाट सुरु हुन्छ। सो बाइक आईथ्रीएस स्टार्ट-स्टप सिस्टम, कम्बाइन्ड ब्रेकिङ र नयाँ ग्राफिक्सको साथमा उपलब्ध छ।

# नेपाल आयो जिप मेरिडियन, छिट्टै बिक्री शुरु गर्ने तयारी

अमेरिकन अटो निर्माता जिपले भारतमा उत्पादन गरेको ७ सिटर एसयूभी मेरिडियन नेपाल आइपुगेको छ। नेपालका लागि आधिकारिक वितर




क लाइफ अटोमोवाइल्स स्रोतले यो नयाँ प्रिमियम एसयूभीको बिक्री छिट्टै शुरु हुने जनाएको छ। मेरिडियनको केही युनिट शोरुममा आइपुगे पनि औपचारिक बिक्री शुरु हुन केही समय लाग्ने उक्त स्रोतले नेपाल अटोलाई वताएको छ।

कम्पनीले यसको लिमिटेड (अप्सनल) भेरिएन्टमा मात्र उपलब्ध गराउने भन्दै यसअघि नै मूल्य सार्वजनिक गरिसकेको थियो। १ करोड ८० लाख ९६ हजार रुपैयाँ निर्धारण गरेर यसको बिक्री शुरु हुन लागेको हो।

जिप मेरिडियनमा २.० लिटर मल्टिजेट डिजेल इन्जिन दिइएको छ। जसको अधिकतम पावर १७० पिएस र टर्क ३५० एनएम रहेको छ। यसमा ९ स्पिड अटोमेटिक ट्रान्समिसन जडान गरिएको छ। फोर ह्विल ड्राइभको यो एसयूभीलाई १९८ किलोमिटर प्रतिघण्टा सम्मको उच्च गतिमा हाँक्न सकिन्छ। यसको ग्राउन्ड क्लिरियन्स २०३ एमएम रहेको छ।

यो नयाँ एसयूभीमा जिपले १०.१ इन्चको इन्फोटेन्मेन्ट, १०.२ इन्चको डिजिटल इन्स्ट्रयुमेन्ट क्लस्टर, भेन्टिलेडेट फ्रन्ट सिट, इलेक्ट्रिकल्ली एड्जस्टेवल सिट, डुअल प्यानल सनरुफ, वायरलेस चार्जिङ, ३६० डिग्री क्यामेरा, डुअल जोन क्लाइमेट कन्ट्रोल, इलेक्ट्रिक टेल गेट लगायत फिचर उपलब्ध गराएको छ। कारको क्याविनलाई प्रिमियम वनाउन स्तरिय सामाग्रीको प्रयोग गरिएको छ।

सेफ्टि फिचर अन्तर्गत यसमा ६ वटा एयरव्याग, एविएस, इलेक्ट्रोनिक पार्किङ व्रेक(इपिवी), इलेक्ट्रोनीक स्टेबिलिटी कन्ट्रोल(इएससी) र टायर प्रेसर मनिटरिंग सिस्टम (टीपीएमए) लगायत फिचर दिइएको छ। यसको सिधा प्रतिस्पर्धा टोयोटा फर्चुनरसँग हुने देखिएको छ।

# यामाहा एमटी-१५ नेपालका शोरुममा

काठमाडौं। यामाहाको नेपालका लागि आधिकारिक वितरक एमएडब्ल्यु इन्टरप्राइजेजले विभिन्न शोरुमहरुमा यामाहाको बाइक एमटी-१५ उपलब्ध गराएको छ। लामो समय देखि बुकिङ गरेर पनि बाइक पाउन नसकेका ग्राहकले अब सो बाइक पाउने छन्। त्यसैगरी यो बाइकको बुकिङ पनि फेरि खुला गरिएको छ। यससँगै अब यो बाइक बुकिङ गर्ने ग्राहकले समेत पहिले जस्तो बाइकका लागि लामो समय कुर्नु नपर्ने कम्पनी स्रोतले जनाएको छ। यामाहा एमटी-१५ पहिलो पटक २०२१ सेप्टेम्बर २४ मा भृकुटीमण्डपमा सम्पन्न यामाहा महा एक्सचेन्ज मेलामा सार्वजनिक गरिएको थियो। त्यति बेला एकै पटक २ सय युनिट एमटी-१५ बीएस६ ग्राहकलाई डेलिभरी गरिएको थियो। २०७९ को प्रारम्भमा यो बाइक देशभर १ हजार युनिट बिक्री भएको यामाहा नेपालले घोषणा गरेको थियो। यामाहाको १५५ सीसी इन्जिनयुक्त एमटी-१५ पहिले देखि नै बलियो र रुचाइएको बाइक थियो। अहिले बीएस६ मापदण्डयुक्त इन्जिनका साथ यसमा अन्य धेरै विशेषता समेत थपिएका छन्। यसमा भएको विशिष्ट खालको ईसीयू मोडल, राम्रो एक्सिलरेसनका लागि भीभीए इन्जिन तथा राइडिङलाई अझै फास्ट गर्नका लागि अप्टिमाइज्ड सेकेन्डरी रिडक्सन गियर रेसियो एवं सहज गियरसिफ्टका लागि एएस क्लच उपलब्ध छ। त्यसैगरी राइडरलाई सहजता प्रदान गर्न यसमा मोटार्ड जस्तो राइडिङ पोजिसन हुन्छ भने उत्कृष्ट स्टपिङ पावरका लागि सिंगल च्यानल एबीएससहितको २८२ एमएमको फ्रन्ट डिस्क ब्रेक जस्ता उत्कृष्ट विशेषताहरुले यसमा आकर्षण थपेको छ।

समयमै कर तिरौं

- आफूले तिर्नुपर्ने कर समयमै तिरौं ।
- राज्य सञ्चालनमा सहयोग गरौं ।
- नागरिक कर्तब्य पूरा गरौं ।

जनताबाट उठाइएको करः
- सडक, खानेपानी, स्वास्थ्य, शिक्षा तथा पूर्वाधार निर्माण,
- सार्वजनिक सेवा सञ्चालन,
- सामाजिक सुरक्षा प्रदान,
- बैदेशिक ऋण कम गर्न आवश्यक पर्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक : मोहन कार्की (९८५१०८७१५६), सम्पादक : ईन्दिरा घमला, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस